## अध्याय एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको जन्मसँगै सम्पतिको पनि जन्म भएको पाइन्छ । मानवीय स्वभाव अनुसार समाजको जन्म भयो र समाजलाई नियमित गर्न विभिन्न धर्म, रीतिरिवाज, चालचलन, धर्म सँस्कृतिहरुको पनि क्रमशः विकाश हुँदै गयो । जति जति मानव विकास क्रमिक रुपमा अगाडी बढ्दै गयो त्यही रुपमा मानिहरुको धर्मप्रतिको आस्था एवम् विश्वास पनि अझ प्रगाढ बन्दै गयो र यिनै धार्मिक नीति नियमहरु अनुसार समाज सञ्चालन गरिन थालियो । मानव विकासको क्रमसँगै राज्य व्यवस्थाको पनि विकास हुँदै गयो र मानवले धर्मशास्त्र, विधि, सँस्कृति, सामाजिक नियमहरु र मूल्य मान्यताहरुलाई लिपिबद्ध गरी राज्य संचालनको विधिको रुपमा कानुनको व्यवस्था गरियो । सामाजिक तत्वको रुपमा कानुनको जन्म भयो । धेरै जसो कानुनहरु धर्मबाट प्रभावित बनेका छन् । जस्तै : मुस्लिमा धर्ममा कुरानलाई मान्यता दिएको छ भने हिन्दुहरुले हिन्दुधर्मलाई मान्यता दिइ कानुन बनाएको छ । यस्ता धर्मबाट प्रभावित कानुनहरुमा नागरिकले राज्यप्रति गर्नुपर्ने व्यवहार, राज्यले नागरिकलाई गर्नुपर्ने व्यवहार, अपराध विरुद्ध सजाय, परिवार तथा समाज संचालनका नियमहरु, व्यक्तिगत सम्पत्तिको स्वामित्व व्यवस्थापन जस्ता विषयहरु नियमित गरिन थालिए । (आर्चाय, बलराम (२०६५), सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय बिश्लेषण ।)

मानव समाजको विकासको क्रममा लामो समयसम्म सामूहिक रुपमा सम्पत्तिको उपयोग गरिन्थ्यो । व्यक्तिगत स्वामित्वमा सम्पत्ति राख्ने प्रचलन थिएन र अझै पनि कतिपय देश तथा जनजातिहरुमा व्यक्तिगत स्वामित्वमा सम्पत्ति राख्ने प्रचलन छैन । जस्तै : नेपालमा राउटे जातिहरुमा अझै पनि त्यस्तो चलन छैन । मानिसहरु सामाजिक रुपले व्यवस्थित हुँदै जाँदा व्यक्तिगत स्वामित्वमा सम्पत्ति राख्ने प्रचलन चलेको पाइन्छ । ब्याल्क्स ल डिक्सनरीमा सम्पत्ति प्रत्येक वस्तु जुन स्वामित्वको विषय हुन्छ चाहे त्यो भौतिक वा अभौतिक, स्पर्श वा अस्पर्श, दृश्य वा अदृश्य, मूर्त वा अमूर्त वा वास्तविक मूल्य भैएको वा धन दौलत बनाउन विनिमयमा आउने कुनै पनि वस्तु हो भनि सम्पत्तिलाई परिभाषित गरिएको छ । त्यसै गरी

नेपाल कानुन व्याख्या सम्बन्धी ऐन २०1० को दफा २ (ट) ले अचल सम्पत्ति भन्नाले जग्गा जमिन वा त्यसबाट हुने लाभ, जमिनमा जोडिएको चिजवस्तु समेतलाई जनाउँदछ। र ऐ. दफा (ण) ले अचल सम्पत्ति बाहेकका सबै सम्पत्तिहरुलाई चल सम्पत्ति भनि व्याख्या गरेको छ। ( नेपाल कानुन व्याख्या सम्बन्धी ऐन २०१० को दफा २ ट।) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि को धारा १ ले महिलाले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताका आधारमा उपभोग अथवा प्रयोग गर्न बन्देज वा असुविधा पार्ने कुनै पनि कार्य भएमा महिला विरुद्ध भेदभाव हुने भनी महिलाको अर्थिक अधिकारलाई एक महत्वपूर्ण अधिकारको रुपमा लिएको छ । मानिस एउटा सामाजिक प्राणी भएको कारणले उसलाई सफल जीवन बिताउनको लागि विभिन्न अधिकारहरुको आवश्यकता पर्दछ। यस्ता विभिन्न अधिकारहरु मध्ये सम्पत्ति माथिको अधिकार पनि एक प्रमुख पक्ष हो। जसविना मानव जीवन यापन गर्न गाह्रो हुन्छ। जीवन यापनको लागि सम्पत्तिको आवश्यकता पर्दछ। सम्पत्तिको महत्वको सम्बन्धमा अरस्तुले भनेका छन् "सम्पत्ति मानिसको लागि उतिकै आवश्यक छ जति परिवारको छ। सभ्यता तथा विकासको लागि पनि सम्पत्तिको आवश्यकता पर्दछ। त्यस्तै भोको मानिसबाट समाजको विकास तथा आदर्श नागरिकको आशा राख्न सकिन्न पनि भनिन्छ पौडेल, २०६९" (७० पृ.८५) त्यसैले गर्दा पनि प्रत्येक मानिसको लागि सम्पत्ति अत्यावश्यक छ

छोरीका रुपमा नारीको स्थानलाई बढी पवित्र र उच्च स्थान दिएको पाइन्छ तर पत्नी र आमालाई भने खासै स्थान दिएको पाइन्न त्यसै धर्मशास्त्रले एउटा गृहस्थले छोरीसित कहिल्यै झगडा गर्न नहुने कुरा उल्लेख छ। छोरा नहुनेले छोरीलाई नै पुत्र ठान्नुपर्ने यस्तो व्यवस्थामा छोरीले नै श्राद्ध समेत गर्न सक्ने कुरा शास्त्रमा निर्देशित छ। यसै गरी छोरीको विवाह नहुँदा सम्पत्तिको अशं दिने व्यवस्था धर्मशास्त्रले गरेका हुन्। छोरा नहुनेले परिवारमा छोरीलाई नै सम्पत्तिको उत्तराधिकारी मानिन्थ्यो (गौतम : १९९७, १२७)। इ.पू. सम्म परिवारमा छोरीको सम्पत्ति सम्बन्धी अधिकार हुने कुनै स्थिति थिएन। तर इ. को दोस्रो शताब्दि देखि छोरीको सम्पत्ति सम्बन्धी अधिकारमा विस्तार हुदै आएको पाइन्छ।

## १.२ समस्या कथन

नेपालमा महिलाको आर्थिक स्थिति धेरै नाजुक छ । विवाह अगाडि आमा बाबुको संरक्षणमा रहनु पर्ने, आमाबाबु नभए दाजुभाइको संरक्षणमा रहनु पर्ने र विवाह भइसकेपछि पतिको संरक्षणमा र पति नहुदा छोराहरुको संरक्षणमा रहनु पर्ने सामाजिक बाध्यता अझ पनि हाम्रो समाजमा विद्यमान नै रहेको छ । महिलाहरुलाई सम्पत्तिको प्रत्यक्ष रुपमा उपभोग गर्न बञ्चित गरिएको छ । त्यसै गरि कानुनले पनि ३५ वर्षसम्म अविवाहित नै बसेको अवस्थामा मात्र पैत्रिक सम्पत्तिमा छोरीले अंशहक पाउने व्यवस्था गरेकाले पनि छोरा र छोरीमा कानुनद्धारा नै विभेद गरिएको थियो (मुलुकी ऐन २०२० ।)

मुलुकी ऐन ११ औं संशोधनपूर्व जब छोरीलाई पैत्रिक सम्पत्तिमा अंशहक प्रदान गर्ने कुरा बहसमा आयो त्यतिबेला यो व्यवस्थाले छोरीलाई दोहोरो अंश हुनेछ, महिलाहरुमा बिकृति बढ्नेछ, समाजमा गर्भपतनको समस्या बढ्नेछ, दाजुभाइ दिदीबहिनीहरु बिचको सम्बन्ध सौहार्दपूर्ण हुने छैन, झैझगडा तथा मुद्दा मामिलाहरु बढ्नेछन्, जमिनको भूखण्डीकरण हुनेछ, सामाजिक व्यवस्थामा ठुलै भूइचालो आउने जस्ता नकारात्मक सवालहरु व्यापक रुपमा उठेका थिए । तर २०५९ सालमा मुलुकी ऐन ११ औं संशोधन पश्चात मुलुकी ऐनको अशंबण्डाको महल नं. १ मा परिवारका आमाबुबा, छोराछोरीलाई हरेक व्यक्तिको अशंबण्डा गर्नुपर्ने भनि छोरीले पनि अशं पाउने र विवाह पश्चात् फिर्ता गर्नुपर्ने गरी कानुन संशोधन गरियो । २०६३ सालमा लैङ्गीक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३ ले मुलुकी ऐन स्त्री अशंधनको महल नं २ संशोधन गरी एक पटक महिलाले प्राप्त गरिसकेको सम्पत्ति फिर्ता गर्नु नपर्ने भनि लैङ्गीक विभेदयुक्त विभिन्न ऐन तथा ऐनमा लेखिएका भाषाहरु समेत संशोधन गरियो । उक्त कानुनी व्यवस्था लागू भएको पनि धेरै लामो समय बितिसक्यो तर पनि छोरीले अशंहक पाउने कानुनी व्यवस्थाले समाजमा महत्व पाउन सकेको छैन् । साथै उक्त कानुनी व्यवस्था व्यवहारमा पनि खासै लागु भएको पाइदैन् ।

महिलाको पैत्रिक सम्पत्तिमा अंशहक कार्यान्वयन सम्बन्धी कानुन र व्यवहार बिच तालमेल हुन नसक्ने समस्याको कारक तत्व के हुनसक्छ, त्यसको अध्ययन अत्यन्तै महत्वपूर्ण हुने भएकाले यस सम्बन्धी सरोकारवाला महिलाहरुको अवधारणा के कस्तो रहेको छ भन्ने विषयको

विश्लेषणात्मक अध्ययन गर्नु नै यस अध्ययनको मुख्य समस्या हो । उक्त अध्ययनका लागि निम्नलिखित अनुसन्धान प्रश्नहरु तयार पारिएका छन् :

(क) कानुनी अशंहक अधिकार प्रति नेवार महिलाहरुको स्थिति कस्तो छ ?

(ख) नेवार महिलाहरुको सम्पत्ति प्रचलन सम्बन्धमा सांस्कृतिक र व्यक्तिगत अवधारणा कस्तो रहेको छ ?

## १.३ अध्ययनका उद्देश्यहरु

प्रस्तुत अध्ययन महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा कीर्तिपुर नगाउँ वडा नं. १६ का नेवार महिलाहरुको समाजशास्त्रीय अध्ययनमा केन्द्रित रहेको छ । नेवार महिलाहरुको अंशहक सम्बन्धमा के कस्तो धारण रहेको छ भन्ने प्रश्नको जिज्ञासामा यो अध्ययन निम्न लिखित उद्देश्यहरुमा केन्द्रित रहेको छ :

(क) कानुनी अंशहक अधिकार प्रति नेवार महिलाहरुको स्थिति पहिचान गर्नु ।

(ख) नेवार महिलाहरुको सम्पत्ति प्रचलन सम्बन्धमा संस्कृतिको र व्यक्तिगत अवधारणको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

नेपालमा छोरीको जीवन वैवाहिक सम्बन्धमा निर्भर रहने सामाजिक परम्परा रहि आएको छ । हाम्रो समाजले लैङ्गिक समानताका बारेमा कानुनी व्यवस्था हुँदाहुँदै पनि अन्धविश्वास र परम्परावादी विचारधाराले छोरा र छोरीका बिच विभेद गर्दै आइरहेको छ । कानुको दृष्टिमा सबै नागरिक समान हुने भएकाले महिला भएकै कारणले कुनै पनि विभेदित व्यवहार गरिनु हुँदैन् । हरेक नागरिकले समानतामा आधारित सम्मानपूर्वक जीवन बिताउन पाउनु पर्दछ । तर नेपालमा कानुन र व्यवहारको मेल भएको पाइदैन् जसले गर्दा कानुनी राज्यको प्रत्याभुति हुन सकेको छैन । नेपाल बहुजातिय, बहुभाषिक र बहुसाँस्कृतिक देश हो यहाँ विभिन्न किसिमका परम्परा र मूल्यमान्यताहरु रहेका छन् । महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा समाजले कुन तत्वले प्रभाव पारेको छ , यसमा हाम्रो संस्कृति दोषी छ कि छैन, के हामी गलत परम्परा र मूल्यमान्यतामा बाँचिरहेका छौं, के कानुनले महिलाको अंशहक प्रचलनलाई समेट्न सकेको छैन्, जस्ता समस्याहरुलाई अध्ययन गरिनु आवश्यक भएकाले यस

अध्ययनमा महिलाको अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणाको समाजशास्त्रीय अध्ययन औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनलाई निम्नानुसार अध्याय र शीर्षकमा व्यवस्थित गरिएको छ :

अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनका उद्देश्यहरु, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा रहेका छन् । अध्याय दुईमा सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेका छन् । अध्याय तिनमा अध्ययन विधि रहेको छ, जस भित्र जनसङ्ख्या र नमुना छनोट, साधनको निर्माण, तथ्याङ्कन सङ्कलन र व्याख्या तथा विश्लेषण रहेका छन् । अध्याय चारमा व्याख्या तथा विश्लेषण अन्तर्गत नेवार महिलाहरुको उमेर, पेशा, वैवाहिक स्थिति र शैक्षिक स्थितिका आधारमा पैत्रिक सम्पत्तिमा अंशहक प्रचलन सम्बन्धमा महिलाहरुको धारणका रहेका छन् । अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझावहरु रहेका छन् ।

## अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

सम्बन्धित साहित्यको पुनरावलोकबाट पहिले गरिएको विषय नदोहोरिने, अनुसन्धानका लागि कस्तो पद्धति प्रयोग गर्ने भन्ने सम्बन्धमा ज्ञान पाउनका साथै परिकल्पना तयार पार्न र आफूलाई आत्मविश्वास बढाउन समेत सहयोग मिल्दछ । पूर्व अध्ययनहरुले वर्तमानको शोध कार्यको लागि उपयोगी सूचनाहरु तथा सन्दर्भ स्रोतहरु फेलापार्न सकिन्छ । त्यसकारण अध्ययनलाई सफल र प्रभावकारी बनाउनका लागि पूर्व कार्यहरुको अध्ययन गरिनु आवश्यक हुन्छ । प्रस्तुत शोधपत्रमा पनि पूर्व कार्यहरुको विशेष महत्व रहेको छ । जसले गर्दा यस अध्ययनलाई अगाडी बढाउन निकै सहयोग मिलेको छ ।

सम्पत्ति मानव जीवनको लागि अत्यन्तै महत्वपूर्ण पक्ष हो भन्ने कुरा थाहा हुदाँ हुदै पनि यस्तो संवेदनशील पक्षमा लिङ्गको आधारमा वा धर्मको आधारमा महिलाहरुमाथि विभेदपूर्ण व्यवहार गरेर आजको समाजले महिलाहरुमाथि ठूलो अपमान गरिरहेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले छोरीलाई पनि छोरा सरह अंशहक दिनु पर्छ भन्ने कुरालाई किटानका साथ उल्लेख गरेतापनि यस पक्षलाई व्यावहारमा ल्याउन सकिरहेको अवस्था छैन । परापूर्व काल देखि नै छोरी वा महिलालाई यौनका दासी, देशको दास्रो दर्जाको नागरिक र महिलालाई नै चल सम्पत्तिको रुपमा लिइदै आएको अवस्था थियो, तर अहिले केही मात्रमा कम हुदै आएको छ । (Kandal, 2005) महिलालाई नै कतै धर्मको नाममा त कतै लिङ्गको आधारमा उनीहरुमाथि अमानविय व्यावहार गरिन्दै आएको छ । (भासिन,२०१२) जस्तै, महिला वा पूरुष मध्ये कसले परिवार नियोजनको साधन प्रयोग गर्ने, महिलाले गर्भ नचाहेको खण्डमा गर्भपतन गर्न स्वीकृति दिने कि नखिने जस्ता विषयमा निर्णय गर्ने अधिकार क्याथोलिक चर्चको गुरुको हातमा हुन्छ । महिलाहरुले नै कहिले र कति बच्चा पाउने या नपाउने भन्ने निर्णय गर्ने अधिकारका लागि लगभग सारा संसारका महिलाहरु लगातार संर्घष गदैछन् । (भासिन,२०१२) यस भनाईबाट पनि प्रष्ट हुन्छ कि धर्मले महिलाहरुमा कति प्रभाव परिरहेको छ ।

महिला माथि पैतृक सम्पत्तिमा जस्तै अन्य कुराहरुमा पनि उत्तिकै विभेद हुदै आएको छ । यस सन्दर्भमा भनिएको छ “नेपालमा महिलाप्रति विभेद गर्ने ५८ वटा कानून र १३७ वटा कानूनी प्रावधानहरु संशोधन गर्नु पर्छ जुन काम अहिले सम्म भएको छैन ”(डिएफ आडी र

वर्ल्ड बैक २००६) त्यसैले गर्दा पनि महिलाहरुको अवस्थामा अहिले सम्म पनि खासै सुधार हुन सकिरहेको अवस्था छैन ।

पितृसत्ता र सम्पत्तिमा घनिष्ठ सम्बन्ध हुन्छ । (भासिन, सन् २०१२) पितृसत्ता भन्नाले "पिता या कुलपति (परिवारको बुज्रुक पुरुष ) को सत्ता अथवा शासन हो । शुरुमा यस शब्दलाई एक खास किसिमको "पुरुष प्रधान परिवार" बुझ्उन प्रयोग गरिन्थ्यो । यो एउटा यस्तो ठूलो संयुक्त परिवार हो, जसमा एक बुज्रुक व्यक्ति सर्वेसर्वा हुन्छ । त्यस परिवारका कुलपतिको मुनि महिलाहरु, अन्य पुरुषहरु, बच्चाहरु, दास र नोकरचाकर सबै हुन्छन् । आजभोली यस शब्दलाई साधारणतया "पुरुष प्रधान" भनेर अथवा त्यसको व्याख्या गर्दा प्रयोग गरिन्छ । पुरुष प्रधान परिवारमा पुरुषहरुले महिलाहरुलाई दबाउने गरिन्छ । महिलाहरुलाई निम्न दर्जाको व्यावहार गर्ने गरिन्छ । दक्षिण एशियाका देशहरुमा हिन्दी भाषामा यसलाई पितृसत्ता भनिन्छ भने उर्दुमा पिद्रशाही तथा बंगालीमा पितृतौन्त्रो भन्ने गरिन्छ । यसैगरी नेपालीमा पनि पितृसत्ता नै भनिन्छ" (भासीन,सन् २०१२ पृ. १) तसर्थ त्यस्तो समाजमा सम्पत्ति नियन्त्रण सम्बन्धी कानून र सामाजिक नियमहरु पुरुषलाई प्राथामिकता दिई बनाएको हुन्छ । नियन्त्रणका आधारमा सम्पत्ति कसले कति प्राप्त गर्ने यसबाट के गर्ने कसरी गर्ने कसरी व्यावस्थित गर्ने तथा कसलाई हस्तान्तरण गर्ने आदि पर्दछन् ।

कानून बनिसकेपछि पनि छोरीहरुले नै सम्पत्ति नलिएको पाईयो भन्ने कुरा रा. श्र. प्र. को अनुसन्धान (यो अनुसन्धान राष्ट्रिय श्रम प्रतिष्ठान भन्ने संस्थाले मिती २०६९।७ महिना देखि १० महिना सम्म सुनसरी जिल्ला, तरहराको हाँसपोसा गा. वि. स.मा घरपरिवार, जीविकोपार्जन तथा सामाजिक परिवर्तन शिर्षक अन्तरगत अध्ययन अनुसन्धान गरिएको हो) ले पनि देखाई सकेको छ ।[1] तर दाइजो अथवा आमा बुवाको तथा दाजुभाइको इच्छा अनुसार थोरै रकम र जमिन समेत केही हुने खाने परिवारका छोरीहरुलाई दिईएको पाईयो तर कानुनी रुपमा चाँहि दावी नगरेको अध्ययनले देखायो । त्यसैले गर्दा यस अध्ययनबाट महिलाहरुले किन सम्पत्ति लिन चाहान्दैनन् वा महिलालाई पैतृक सम्पत्ति दिनु पर्छ भन्ने कानूनी मान्यता प्रति उच्च शिक्षित महिलाहरुकै धारणलाई यस अध्ययनले अगाडी ल्याएको छ ।

समाजशास्त्रीय द्रष्टिकोणबाट हेर्ने हो भने पनि समाज संचालन गर्नको लागि, समाजमा महिल र पुरुष दुबैको उत्तिकै आवश्यकता पर्दछ । सम्पत्ति आर्जनमा दुबैको बराबरी योगदन रहेको हुन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

विश्वमा विभिन्न जातजाति र धर्म संस्कृतिहरु रहेका छन् । विभिन्न देशहरुमा भिन्न भिन्न कानुनी व्यवस्थाहरु निर्धारण गरिएका छन् । ति कानुनी व्यवस्थाहरुको अधिनमा रहि राज्य संचालन गरिन्छ र मानिसले पनि उक्त कानुनी मान्यतामा आधारित भएर बस्नु पर्ने हुन्छ । प्रस्तुत शोधपत्रमा पूर्व साहित्यको अध्ययन गर्दा कानुनी व्यवस्थाहरुको बारेमा अध्ययन गर्नु आवश्यक भएकाले यहाँ महिलाहरुको बारेमा कानुनी व्यवस्थाका बारेमा अध्ययन गरिएको छ ।

### २.१.१ महिलाको पैतृक सम्पत्ति सम्बन्धी कानूनी व्यावस्थाको समीक्षा

यस अध्ययनले समाजमा विभिन्न तत्वहरु मध्ये महिला, कानून र संस्कृति बीचको सम्बन्धलाई लैङ्गिक दृष्टिकोणको माध्यामबाट अध्ययन, व्याख्या र विश्लेषण गर्दछ । यस अध्ययनले महिला र महिलाका लागि बनेका कानूनको सम्बन्धमा संस्कृतिको भूमिकामा विशेष जोड दिएको छ । आजको महिला संक्षम हुन जरुरी छ । शदीयौं देखि महिलाहरु आर्थिक हिसाबले पिछडिएका छन् । उनीहरुको सम्पत्ति माथि स्वामित्व छैन, विभिन्न प्रकारका हिंसाका शिकार भएका छन् । राज्यले कानून बनाउँदा त्यसको पालना हुदैन । विश्वव्यापिकरणको प्रक्रियाले मानव जीवनमा केही हदसम्म परिवर्तन ल्याए पनि यसले महिलाको जीवनमा नकरात्मक प्रभाव पनि उतिकै रुपमा पारेको छ । समाजले महिला प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छैन, भने महिलाले नै महिलाप्रति हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको छैन । जस्तै सबै महिलाहरुलाई एउटै समूहमा राखेर हेर्नु वा यूरोपियन मुलूकका महिलाहरुको समस्यालाई तेश्रो विश्वका महिलाहरुसंग दाज्नु जस्तो परिपाटि अहिले पनि छदैछ । नेपालमा पनि महिला संक्षमताको लागि विभिन्न अवधारणाहरु नल्याइएको होइन तर पनि नेपाली महिलाहरुको अवस्थामा खासै सुधार आउन सकिरहेको अवस्था भने छैन । (तामाङ,सन् २००४) हाम्रो संस्कृतिले एकातिर महिलालाई संरक्षण दिएको छ भने अर्को तिरबाट शोषण पनि गरिरहेको छ, त्यसैले यस अध्ययनमा महिलाहरुको सम्पत्ति सम्बन्धी हक अधिकारको

उपभोगको सम्बन्धमा पूरुष जस्तै महिलाहरु पनि आत्मानिर्भर र आत्माविश्वासी भई आफ्नो अधिकार प्रयोग गर्न के कुरा बाधक भईरहेको छ भन्ने सन्दर्भलाई बढी जोड दिईएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले महिलालाई पूरुष सरह समानता त दिएको छ तापनि महिलालाई भेदभाव गर्ने कानूनी व्यावस्था चाँहि ज्यूँका त्यूँ थिए । छोरीले बुवा, आमाका घरबाट सम्पत्ति पाउन केही सर्त राखिएको स्थितिमा सर्वोच्च अदालतमा मीरा खनाल र मीरा ढुङ्गनाले २०५० सालमा रिट दायर गरि ३५ बर्ष उमेर पुगेकी विवाह नभएकी छोरीले छोरा सरह अंश पाउँछे , अंश लिए पछि विवाह भयो भने उसले पाएको अंशबाट ऐन बमोजिमको विवाह खर्च पर सारि बाँकी ऐनले हक पुग्नेले पाउँछ भन्ने मुलुकी ऐन, २०२० अंशबन्डाको १६ नम्बरमा भएको प्रावधान संविधानसँग बाँझिने हुनाले, बाँझिए जति वदर सघोषित गर्न उपयूक्त आज्ञा आदेश जारी गरीपाउँ भनी दाबी गरेका थिए ।

सर्वोच्च अदालतको श्रावण २०५२ को आदेशमा पनि पितृसतात्मक संरचनामा असर पर्ने निवेदिका दुईले उठाएको विवादका सम्बन्धमा सामाजिक हैसियतलाई दृष्टिगत गरी छोराले भन्दा अलि बेग्लै तरिकाबाट छोरीले प्राप्त गर्ने अधिकारलाई व्यावस्थित गरेको अंशबन्डाको १६ नम्बरलाई अमान्य घोषित गरी छोरीले छोरा सरह अंश पाउने व्यावस्था गर्नु नै समस्याको समाधान होईन । सामाजिक मान्यताका कुराहरु एकाएक परिवर्तन गर्दा समाजले आत्मासात् गर्न नसक्ने हुदाँ व्यापक छलफल र विचार विमर्श गरी न्यायोचित व्यवस्था हुनु पर्दछ । त्यसो भएको हुनाले सम्बन्धीत सम्पूर्ण निकाय, व्यक्ति र विदेशी कानूनी व्यवस्था समेत अध्ययन गरी एक बर्षभित्र संसदमा विधेयक पेश गर्न निर्देशनात्मक आदेश जारि गरिएको छ भनि उल्लिखित थियो ।

छोरीलाई दिलाउनु पर्ने छोरा सरह समान अधिकार सम्बन्धमा वहश र चर्चाको बिषय रह्यो । यस चर्चामा पूरुषहरुले पनि निकै चासो लिएका लिए । अनि कानून तथा संसदीय व्यावस्था समितिले गराएको छलफलमा विवाह पछि सम्पत्ति फिता गर्नू नपर्ने सहमति भएको छ । यहि समितिले चौधै अंचलमा गरेको सर्वेक्षणमा ९२ प्रतिशतले विद्यमान ऐन संशोधन हुनुपर्ने बताए । एकपटक पाएको फिर्ता नदिन ८५ प्रतिशत सहमत भए भने १९ प्रतिशत मात्र फिर्ताका पक्षमा देखिए ।

मुलुकी ऐन ११औ संशोधन विधेयक, २०५६ ले छोरीलाई पैतृक सम्पत्तिमा अधिकार र अंशियार बनाउन खोजेको छ । मुलुकी ऐन,२०२० को अंशवन्डा महलको १६ नम्बरमा भएका प्रावधानमा ३५ बर्ष उमेर पुगी विवाह नभएकी छोरी छ भने अंश पाउने तर लिइसकेपछि विवाह भयो भने विवाह खर्च कटाएर फिर्ता गनूपर्ने प्रावधान थियो । यस प्रावधानलाई हटाउन खोजिएको छ । त्यसैले जन्मैदेखि छोरीले पनि बुवा, आमाका घरमा नै अंश पाउनु पर्ने धारणा राखिएको छ । (सुवेदी,२०५९) यस्तो व्यावस्थाले छोरीहरुलाई पनि छोरा सरह अंशमा समान हक अधिकार मिल्नेछ ।

हाम्रो नेपालको सन्दर्भमा कुरा गर्दा एउटा परिवारमा छोरी जन्मिने बित्तिकै पैतृक सम्पत्तिको अधिकारी हुने भए पनि विवाह पछि उक्त सम्पत्ति फकाउनु पर्ने कानूनी प्रवधान बनाइयो । आश्चर्यको कुरा त्यस अवस्थामा नेपालका धेरै महिला सम्बन्धी संघसंस्थाहरुले त्यस सवाललाई लिएर निःशर्त आन्दोलन गर्नुको साटो एक कदम अघि सारेर त्यहि अधुरो अपुरो विधेयक भए पनि पारित गर्नु पर्दछ भनेर बोल्न शुरु गरे । यस कुराको अस्मिताले अन्तिम सम्म अडिक भएर बिरोध गरेको थियो । यसरी महिलाहरुले बषौदेखि उठाउँदै र जोगाउँदै ल्याएको एउटा महत्वपूर्ण सवालको विना ठोस उपलब्धि अन्त्य भएको थियो । यसले नेपाली महिला आन्दोलनका वाहाकहरु आफ्नो माग, अडान र बुझाईमा कति आधारहिन, फितला र सम्झौतावादी छन् भन्ने एउटा राम्रो उदाहरण पेश गरेको थियो । यद्यपि लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले भेदभावपूर्ण प्रावधानलाई खारेज गऱ्यो । (अस्मिता २०६५,कात्तिक/मंसिर) फलस्वरुप छोरीले पनि छोरा सरह अंशहक पाउँने कानून बन्यो ।

छोरीलाई पनि छोरा सरह पैतृक सम्पत्ति दिनु पर्छ भन्ने कानून त बन्यो तर यसको प्रभाव जनस्तरमा पर्न नसक्नूको कारण सरकारी पक्षको फितलो प्रयासलाई पनि एक प्रमूख बिषयको रुपमा लिन सकिन्छ । यदि बनाएको कानून अदालत र ठेलिमा मात्र सिमित राख्ने हो भने त्यसलाई किन निमार्ण गर्ने ? सरकारी पक्षको कम्जोर वा फितलो प्रयासका कारण पनि समाजमा यस कानूनको कानूनी प्रभाव राम्रोसँग पर्न सकेको छनै । यद्यपि यसको लागि महिला पक्षबाट पनि विरोधहरु आएको थियो विरोधको बावजूत पनि कानून त बन्यो, तर व्यावहारिक रुपमा कानूनको कार्यान्वयन हुन सकिरहेको छैन ।

छोरीलाई पनि छोरा सरह पैतृक सम्पत्ति दिदाँ समाजमा कस्तो खालको परिवर्तनहरु आउँन सक्छ भन्ने विषयमा यो कानून तयार हुनु भन्दा पनि पहिला नै यस सम्बन्धी बहसहरु नभएका होइनन् । जस्तै "अशं वा पैतृक सम्पत्तिमा पुरुषको स्वामित्व हुने र सम्पत्तिमा उनीहरुकै हैकम चल्ने परिपाटीमूताविक अहिलेको हाम्रो सामाजिक पारिवारिक सम्बन्धको स्वरुप तयार भएको छ । यसको सट्टा जब हामी सम्पत्तिमा छोरा र छारी वा महिला र पुरुषको समान हक लागू गर्छौ भने पारिवारिक सम्बन्धको स्वरुपमा ठूलो परिवर्तन आउँनेछ " ( मिश्र,२०६७ पृ.५५) यस्ता विभिन्न अड्कल बाजी भएका थिए । समाजशास्त्री, कानून वीद्हरुले पनि यस पक्षलाई सकरात्मक तरिकाबाट नै हेरेका थिए । नेपालको वरिष्ठ समाजशस्त्रीहरु जस्तै प्रा. डा. चैतन्य मिश्र, डा. कृष्ण बहादुर भट्टचन, त्यस्तै कानुन वीद्हरु मीरा ढुङ्गना, मीरा खनाल सपना मल्ल प्राधान जस्ता व्यक्तित्वहरु यस पक्षमा सकरात्मक नै देखिएका छन् भने यस विषयको विपक्षमा रहेर अन्य कानून व्यावसायीहरुले नकरात्मक रुपमा विभिन्न टिका टिप्पणी पनि गरेका छन् । तर पनि कानून बनेको वा कानून पारित भए देखि आज सम्म पनि यस पक्षको प्रभावकारि कार्यान्वयन भने हुन सकिरहेको छैन ।

वि. स. २०५० सालमा महिला विरोधि प्रचलित कानूनहरु खारेज गर्नको लागि सर्वोच्च अदालतमा रिट परे पछि यस विषयको बहसले राष्ट्रिय स्तरमा स्थान पायो । त्यसपछि पटक पटक संशोधन हुदै हालको अन्तरिम सैविधान, २०६३ ले पैतृक सम्पत्तिमा छोरा र छोरीमा समान हक हुने भन्ने उल्लेख गरेको छ । यसरी दक्षिण एसियामा सम्पत्ति लगायत महिला अधिकार सम्बन्धी कानूनहरुमा धेरै सुधार भईसकेको छ (Agrawal, 1998 and kandel,2005) यस्ता सुधारहरु व्यावहारिक रुपमा पनि लागू हुने हो भने समाजमा महिलाहरुको अवस्थामा पनि सुधार आउन सक्छ ।

पैतृक सम्पत्तिको स्वामित्वले महिलाको आन्तरिक क्षमता अभिवृद्धि हुने र अन्य खाले असमानता न्यूनिकरण गर्ने र सार्वजानिक क्षेत्रमा प्रतिनिधित्व बढ्छ । त्यसैले समग्र विकासलाई पैतृक सम्पत्ति माथिको स्वामित्व र नियन्त्रणले प्रभाव पारेको हुन्छ । तरपनि सामाजिक आन्दोलनले सम्पत्ति नियन्त्रणलाई वेवास्ता गरेकाले आय आर्जनको स्रोतमा पूरुषको नै एकाधिकार भयो । अग्रवालको अनूसार भारतमा सार्वजनिक नीतिभित्र महिला र भूमिलाई जोड्ने प्रकृया धेरै ढिलो गतिमा अघि बढेको छ । छोरा नभए छोरीलाई नदिई धर्म छोरा बनाई उसैलाई पैतृक सम्पत्ति दिइने परम्परा भारत र नेपालमा कायमै छ । भारतमा भूमि सम्बन्धी

अधिकारका लागि छोरालाई मुख्य वंशको रुपमा व्यावस्था गरिएको छ । बंगलादेशको नौतुनपुर गाउँमा गरिएको अध्ययनमा छोरीहरुले आफूले पाउने सम्पत्ति थोरै मात्र भाग लिएका छन् । जसमा कमैले मात्र कानूनी रुपमा लडेर लिएका छन् । पाकिस्तामा पनि महिलामा पूर्ण सम्पत्ति अधिकार छैन । (ऐजन ऐजन 1998) त्यस्तै नपालको सन्दर्भमा हेर्ने हो भने पनि महिलाहरुको भूमिमा खासै अधिकार छैन ।

यसरी दक्षिण एसियाका देशहरुमा कतै धर्मले प्रभाव पारेको छ  कतै लिङ्गले सम्पत्ति माथिको अधिकारमा प्रभाव पारेको छ, नेपालको सन्दर्भमा महिलाको सम्पत्ति माथिको अधिकारमा हिन्दू सामाजिक सांस्कृतिक र सोहि मूताविक  बनेको कानूनबाट बढी प्रवाहित छ । महिला अधिकार र राष्ट्रिय कानुनी व्यावस्थाले महिला सम्बन्धी विभिन्न राष्ट्रिय कानुनी व्यावस्थाहरु गरेको छ , जस मध्ये समानतासम्बन्धी व्यावस्थालाई निम्न अनूसार उल्लेख गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले महिला अधिकारसम्बन्धी निम्न व्यावस्था गरेको पाईन्छ :

क) देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रीय एवम् लैङ्गिय समस्याहरु समाधन गर्न राज्यको अग्रगामी पुनसंरचना गर्न (प्रस्तावना ),

ख) सामान्य कानुनको प्रयोगमा कुनै नागरिकमाथि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा भेदभाव नगरिने (१३(२)),

ग) सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने (धारा १३ (१)),

घ) राज्यले नागरिकहरुबीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्थाको आधारमा  कूनै  भेदभाव नगर्न (धारा १३ (३)),

ङ) माहला, श्रमिक, वृद्व, , अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने (धारा १८ (२)),

च) महिला भएकै कारणाबाट कुनैपनि किसिमको भेदभाव नगरिने (धारा २० (१)),

छ) पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने (धारा २० (४)

त्यसै गरी मुलुकी ऐनले महिलाको अंश सम्बन्धी निम्न व्यावस्था गरेको छ :

क) अविवाहित छोरीले पनि छोरासरह सम्पत्तिमा अंश भाग पाउँछन् । (अंशबन्डाको महल १ र २ नं.)

ख) विधवा स्वास्नी मानिसले चाहेमा आफ्नो अंश लिई भिन्न हुन पाउँछन् । सन्तान नभएमा विधवाले अर्को विवाह गरेपनि निजले आफ्नो अंश आफूखुसी गर्न पाउँछन् । (अंशबन्डाको महल १२ नं.)

मुलुकी ऐनमा व्यावस्था भए अनुसार निम्न अवस्था आएमा एउटी महिलाले आफ्नो अंश माग्न सक्दछिन् :

क) इज्जत - आदम अनुसार खान लगाउन नदिएमा । (अंशबम्डाको अहल १० नं.)

ख) उचित शिक्षा-दीक्षा र स्वास्थ्य उपचारको व्यावस्था नगरेमा । (लोग्ने -स्वास्नीको महल ४ नं.)

ग) कुटपिट समेतका घरेलु हिंसाबाट पीडित भएमा । (लोग्ने - स्वास्नीको महल ४ नं.)

घ) सासू -ससूरा वा लोग्नेले कुटपिट गरी घरबाट निकाला गरेमा । (लोग्ने - स्वास्नीको महल ४ नं.)

ङ) लोग्नेले अर्को स्वास्नी ल्याएमा वा राखेमा । (लोग्ने -स्वास्नी महलको ४ नं.)

च) लोग्ने - स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा । (लोग्ने - स्वास्नीको महल ४ नं.)

उल्लेखित अवस्थामा अंश प्राप्त गर्न चाहने अंशियारले जिल्ला अदालतमा मुद्दा दर्ता गर्नू पर्दछ । अंश मूद्दामा हदम्याद लाग्दैन, जहिलेसुकै मुद्दा गर्न सकिन्छ । त्यस्तै अपुतालीसम्बन्धी व्यावस्थामा निम्न अनुसार उल्लेख गरिएको छ :

कुनै पनि व्यक्तिको मुत्युपछि उसको नाममा रहेको उसको हकको सम्पत्ति नजिकको हकवालाको नाताले उसका सन्तानले प्राप्त गर्दछन् । यसरी कुनैपनि व्यक्तिको मृत्यूपछि उसको नजिकको नातामा सर्ने सम्पत्तिलाई नै अपुताली भनिन्छ ।

क) अपुताली पर्दा मर्नेको लाग्ने, स्वास्नी, छोरा, अविवाहित छोरी, छोराको छोरा वा निजको अविवाहित छोरी भएसम्म अरुले अपुताली पाउँदैन् । (अपुतालीको महल २ नं.)

ख) मर्ने व्यक्तिको छोरा नभई विधवा बुहारी भएमा निजले छोरा सरह अपुताली पाउँछिन् । (अपुतालीको महल २ नं. )

ग) मर्ने व्यक्तिको छोरा वा विधवा बुहारी समेत नभएमा विवाहिता छोरी, विवाहित छोरी नभए निजको छोरा वा निजको छोरा पनि नभएमा अविवाहिता छोरीहरुले अपुताली पाउँछन् । (अपुताली महल २ नं.)

घ) भिन्न भई बसेका लाग्नो, छोरा, अविवाहित छोरी, छोराको छोरा वा निजको अविवाहिता छोरीले हेरचाह नगरी विवाहिता छोरी ज्वाइँ वा त्यस्ता छोरी ज्वाइँका छोरा वा अविवाहिता छोरीले स्याहार- सम्भार गरी पालेको रहेछ भने त्यसरी पालेको बाबु, आमा। ज्वाइँ वा नाति, नातिनाले पाउँछन् । (अपुतालीको महल ३ नं.) अपुताली परेको तीन वर्षभित्र नालिस नदिएमा मुद्दा लाग्न सक्दैन र अपुतालीको नालिस जिल्ला अदालतमा दिनु पर्दछ । त्यस्तै स्त्री- अंशधनसम्बन्धी व्यवस्थामा निम्न पक्षहरुको उल्लेख गरिएका छ :

महिलाको स्वामित्वमा रहेको र तीनले चाहेको बखत आफुखुशी गर्ने पाउने सम्पत्तिलाई स्त्री-धन भनिन्छ । महिलाहरुको सम्पत्तिमाथिको अधिकारमा भएको पहुँचको आधारमा हेर्दा महिलाले दुई प्रकारका सम्पत्ति प्राप्त गर्ने गर्दछन् । जुन निम्न छन् :

अ) स्त्री-धनः स्त्री-धन अन्तगर्त महिलाको निजी आर्जनको सम्पत्ति,दाईजो, पेवा वा अन्य माध्यामबाट प्राप्त सम्पत्ति, दान, बकस, उपहार आदिबाट प्राप्त सम्पत्ति तथा अपुतालीबाट प्राप्त सम्पत्ति पर्दछन् ।

आ) स्त्री-अंशधन : अविवाहिता छोरीको रुपमा आपनै पैतृक सम्पत्तिबाट प्राप्त अंश वा विवाहिता हहिलाको रुपमा आफ्नै लाग्नेबाट प्राप्त अंश र सम्बन्ध- विच्छेद गर्दा प्राप्त हुने अंश समेतलाई स्त्री-अंशधन भनिन्छ । दाइजो वा पेवा के हो ? भन्ने सम्बन्धमा यसरी व्याख्या गरिएको छ ।

**दाइजो** : माईती, मामलीपट्टिका नातेदार वा इष्टमित्रले दिएको चल -अचल र त्यसबाट बढे बढाएको सम्पत्तिलाई दाइजो भनिन्छ । (स्त्री अंशधनको महल ४ नं. )

**पेवा** : लाग्ने वा लाग्नेपट्टिका अंशियारले सबै अंशियारको मन्जुरीको लिखत गरी दिएको वा लाग्नेपट्टिका अरु नातदार वा इष्टमित्रले दिएको चल-अचल सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिलाई पेवा भनिन्छ । (स्त्री अंशधनको महल ४ नं.) यसै सम्बन्धमा भनिएको छ ।

कन्या, सधवा, विधवा महिलाले आफ्नो आर्जनको चल-अचल सम्पत्ति आफूखुशी गर्न पाउँछन् । (१ नं.) महिलाले आफ्नो दाइजो र पेवा पनि आफूखुशी गर्न पाउँछिन् र आफ्नो आर्जनभित्र

आफूले प्राप्त गरेको पारिश्रमिक, ज्याला, कोष, सुविधा, भत्ता जस्ता निजी सीप क्षमताबाट आर्जन गरेको सम्पत्ति पनि पर्दछ। (एक्सनएड, २०६७) यसबाट पनि थाहा पाउन सकिन्छ कि महिलाले आफ्नो पेवा वा दाईजोलाई आफू खुसी प्रयोग गर्न सक्छन्।

महिला अधिकारको बारेमा महिला अधिकार र राष्ट्रिय कानूनी व्यवस्थाले माथि उल्लेख गरिएका विभिन्न कानूनहरु तयार गरे पनि हाम्रो समाजमा यस्ता कानून, मूल्य मान्यताले कानूनी मान्यता पाउन सकिरहेको अवस्था भने छैन। आजको शिक्षित समाज वा वैज्ञनिक युगमा आएर पनि मान्छेले छोरा र छोरीमा किन यस्तो विभेदपर्ण व्यावहार गरिरहेको छ। अझै भन्ने हो भने त दक्षिण एशियाली राष्ट्रहरुमा नै यस्तो व्यावस्था रहेको छ। महिलाहरुको भूमिमा अधिकार नहुनु, उनीहरुको चल- अचल सम्पत्तिमा आफ्नो हक नलाग्नु परिवारमा छोरी भएको कारण नै विभिन्न अवसरबाट वञ्चित गराईनू यो सबै आजको समाजमा पनि भई रहेको छ। यसो हुनमा महिलाहरु स्वयम्को नै कमजोरी हो वा उनीहरुमाथि लादिएको पितृसत्ताको कारण हो वा कुन तत्वले यसमा प्रभाव पारिरहेको छ भन्ने कुरा महत्वपूर्ण बन्दै गई रहेको छ।

### २.१.२ महिलाको पैतृक सम्पत्ति माथिको सामाजिक बहश

बहस विश्लेषण खासगरी उत्तर आधुनिक समयको उपज हो जसले अस्तित्वमा रहेका सिद्वान्त, विधि, मान्यता आदि प्रति आलोचनात्मक दृष्टिकोण राख्दछ र त्यसको सन्दर्भ वा विषयप्रति बनेका दार्शनिक आधारहरुको गहन समीक्षा गर्दछ।

महिलाहरुको पैतृक सम्पत्तिको सम्बन्धमा तत्कालीन समय ( वि. स. २०५०,जुन समयमा मीरा खनाल र मीरा ढुङ्गनाले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए) समाजमा विभिन्न प्रकारका सामाजिक बहशहरु भएका थिए। महिलालाई पैतृक सम्पत्ति दिने सम्बन्धमा कानून बन्नू पूर्व सकरात्मक र नकरात्मक दुबै खाले सामाजिक बहशहरु भएका थिए। वि. स. २०५१ असार देखि, २०५३ चैत सम्ममा विभिन्न पत्रपत्रिकामा छापिएका कुल ४८२ वटा लेख, रचनाको अध्ययन गर्दा अत्याधिक परिमाणमा छोरीलाई अंश - हक दिने बारे विपक्षमा विचारहरु आएको पाईयो। (पन्त,२०५४) उदहरणका लागि, सामाजिक एवं पारिवारिक संरचनामा उलटफेर आउने, बुवा र श्रीमान् दुवैतर्फबाट अंश पाउने भएकोले महिलाको दोहोरो

हक कायम हुने भूखण्डीकरण भई कृषिको उत्पादकत्वमा असर पुग्ने, सम्पत्तिको भोग चलन गर्न महिलालाई कठिनाई हुने, गरीबले छोरीलाई अंशमा केही दिन नसक्ने, गरीबको छोरीको विवाह नहुने, दाईजो प्रथाले अझ विकृतरुप लिने, अदालतमा अंश मुद्दा बढ्ने, महिलाको माईतीसँगको सम्बन्ध सुमधुर नरहने तथा अशक्त र बृद्व आमा बाबुको हेरचाहमा समस्या उत्पन्न हुने, पुरुष प्रधान सामाजिक संरचनामा विचलन आउने, सम्बन्धविच्छेद बढ्ने, बहुविवाह बृद्धि हुने, महिला विरुद्व हिंसा ( भ्रूणा हत्या, पुत्री हत्या, दाईजो हत्या) आकासिने, गर्भपात बढ्ने, अविवाहित महिलाको संख्या चुलिने, महिलाहरु अवैध यौनचारणमा लाग्ने, वेश्यावृति बढ्ने आदि जस्ता कुराहरु सामाजिक बहशको रुपमा आएको थियो ।

वास्तवमा माथि उल्लेख गरिएका अनुमान, अड्कलले हाम्रो जटिल सामाजिक संरचानामा महिलालाई पूरुषसरह अधिकार दिंदा उत्पन्न हुनसक्ने व्यावहारिक कठिनाईहरुलाई इङ्गित गदर्छ । तर, ती कठिनाईहरुलाई कसरी हटाउन सकिन्छ भन्ने तीर नलगी, त्यस बेलाको समयमा छोरीलाई पनि पैतृक सम्पत्ति दिनू हुदैन भन्ने पक्षका व्यक्तिहरुले यि नै कुराहरुलाई अघि तेस्याएर एकैचोटी छोरीलाई अंश हक दिनु हुदैन भन्ने निक्योलमा पुगेको देखिन्छ । यस प्रवृत्तिलाई इङ्गित गदै अधिवक्ता सपना मल्ल लेख्नुहुन्छ " महिलालाई भेदभाव गर्ने कानूनमा भन्दा हाल भेदभावपुर्ण प्रावधानलाई तत्काल बदर गरेमा हुने भविष्यको असरमा बढी केन्द्रीत रहेको देखिन्छ ।" (पन्त,२०५६) जे होस सामाजिक बहश यस्तो अवधारणा र वैचारिक विश्लेषण हो जसले अनुसन्धानका बारेमा आलोचनात्मक विचार राख्दछ , साथै यसले बिषयवस्तुलाई बुझ्ने प्रयत्न गर्दछ ।

महिलाको पैतृक हक सम्बन्धमा सञ्चारिका समूह नेपालले सन् २००१ मा प्रकाशित गरेको प्रतिवेदनले पनि ९० प्रतिशतले छोरा र छोरीलाई समान सम्पत्ति अधिकार हुनु पर्छ भन्ने मत रहेको देखाएको छ । यसमा ६४ प्रतिशतले छोरीले पनि छोरा पैतृक सम्पत्ति पाउनु पर्छ भनी दाबी गरेका छन् भने ३२ प्रतिशतले मात्रै यस पक्षको विरोधमा बोलेका छन् । नेपालमा वि. सं. २०४७ सालको जनआन्दोलन पश्चात छोरा र छोरीमा पैतृक सम्पत्तिको समान अधिकार हुनु पर्छ भन्ने सवाल एकदमै महत्वपूर्ण विषयको रुपमा आएको यस प्रतिवेदनले देखाएको छ । त्यस भन्दा पहिला इच्छा पत्र वा वकस पत्र दिने चलन थियो, यो चलन चाँहि विकशित र पूँजीवादी देशहरुमा प्रचलित थियो । जस्तै अमेरिका र यूके आदि राष्ट्रहरुमा थियो, तर वि. सं. २०४७ पछि अंशमा महिला र पुरुषमा समान हक हुनु पर्छ भन्ने सवाल महत्वपूर्ण

सवालको रुपमा आयो । त्यस पक्षमा राजनीतिक दलका नेताहरु, कानून विद्ध, सञ्चारमाध्याम, समाजशास्त्री तथा मानवशास्त्रीहरुले पनि छोरीहरुलाई पनि छोरा सरह नै पैत्रृक सम्पत्तिका साथै शिक्षामा समान हक हुनु पर्छ भन्ने पक्षको वकालत गरे (सञ्चारिका समूह - नेपाल, २००१) आर्थिक पक्षमा महिलाहरुको स्थानलाई अगाडी बढाउने हो भने उनीहरुले समाजमा सम्मानपूर्ण जीवन बाँच्न पाउँछन्, उनीहरुले आफूमा आत्मानिर्भर भएर बाँच्न संक्षम  हुन्छन् ।

आर्थिक रुपमा महिलालाई पनि स्वत्रन्ता दिने वा पैतृक सम्पत्तिमा महिलाहरुको पनि समान हक हुने हो भने उनीहरुले पनि  पारिवारिक दायित्व पूरा गर्न सक्छन् । सामाजिक साँस्कृतिक रुपमा पनि उनीहरु सक्षम हुन्छन् ,जसले गर्दा सामाजिक र साँस्कृतिक परिवर्तन भई समाजमा महिलाहरुलाई हेर्न द्रष्टिकोणमा नै परिवर्तन भई समाज विकासमा ठूलो मद्दत पुग्दछ भन्ने तथ्य यस अध्ययनले देखाएको छ । त्यस्तै यस अध्ययनले तराईको समस्यालाई पनि देखाएको छ । कम दाईजो दिदा छोरीको हत्या गर्ने, घर निकाला गर्ने जस्ता तराईको समस्यालाई पनि यस अध्ययनले देखाएको छ । यस्ता तथ्यबाट पनि छोरा र छोरीमा पैतृक सम्पत्तिको भोग चलन सम्बन्धमा समान व्यावस्था हुनु पर्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

यसै भनाईलाई मनन् गर्दा पनि हामीले के पाउँन सक्छौ भने महिलाहरुको आर्थिक वा सामाजिक स्थितिमा सुधार ल्याउने हो भने उनीहरुलाई पनि स्वतन्त्र वा खुल्ला रुपमा घर बाहिरको काममा लगाउनु पर्दछ, हरेक व्यावहारिक पक्षमा समानता ल्याउन सक्नु पर्छ । महिलाहरु कमजोर वा कम बुद्रि भएका हुन्छन् भन्ने सोचको अन्त्य हुनु पर्छ  अनि मात्र समाजको सामाजिक विकासमा एकरुपता पाउन सकिन्छ । वि. सं. २०६८ मा भएको नेपालको जनगडणालाई नै हेर्ने हो भने पनि पुरुषको तुलनामा महिलाको नै संख्या बढी छ (महिलाको संख्या १३, ६४५, ४६३ र पुरुषको संख्या १२, ८४९, ०४१) तर घरमुलि वा सम्पत्ति स्वामित्वको हिसाबले हेर्ने हो भने महिलाको स्वामित्वमा वा नाममा १९.७१ प्रतिशत छ । शहरि क्षेत्रमा महिलाको स्वामित्वमा २६.७७ प्रतिशत रहेको छ भने ग्रामिण क्षेत्रमा १८.०२ प्रतिशत रहेको छ । (केन्द्रीय तथ्याङ्ग विभाग, २०११ ) यस तथ्याङ्कले पनि महिलाहरुको स्वामित्वमा सम्पत्ति (भूमि) कम रहेको पुष्टि गर्दछ ।

आज पनि नेपाली समाजमा मात्र नभएर दक्षिण एशियाली समाजमा पनि महिला कुनै न कुनै रुपले पूरुषको अधिनमा रहनु पर्ने बाध्यता छ । सामाजिक, आर्थिक, धार्मीक र गरीबीका

कारणबाट महिला भन्दा पुरुषले परिवारमा बढी प्रथमिकता पाउने गरेको छ । घरमा छोरा जन्मदा उत्सव मनाइन्छ भने छारी जन्मिदा आमा बुवा बोझ महशुस गर्दछन् । छोराहरु भन्दा छोरीहरुलाई बढी काम गर्न लगाउने, स्कूल जान रोक लगाउने , स्वास्थ्य खानपानको क्षेत्रमा पनि भेदभाव गरिने आदि प्रचलाबाट आजको समाज पनि अछुतो रहन सकेको छैन ।

नेपाल सदियौ देखि हिन्दु धर्मको अभ्यास गदै आएको एउटा मात्र हिन्दु मुलुकको रुपमा रहेको थियो । विगत केही वर्ष देखि मात्र मूलूकमा धर्म निरप्रेक्षताले प्रश्रय पाउन थालेको छ । हिन्दू कानुन शास्त्रका दुई प्रमुख सम्प्रादाय मध्येको ' मिताक्षरा' सम्प्रादयले पारिवारिक सम्पत्तिमाथि घरको मुख्य पुरुषको एकलौटी अधिकारको धारणालाई आत्मासाथ गरेको छ भने अर्को सम्प्रदाय 'दायाभाग' ले पारिवारिक सम्पत्तिमाथि अंशियारहरुको 'बराबरीको हक' को धारणालाई आत्मासात गरेको छ । 'बराबरीको हक' भन्नाले साझा हकलाई बुझाउँदैन । मिताक्षरा सम्प्रादायले परिवारका सबै वस्तुहरुलाई सम्पत्तिको रुपमा परिभाषित मात्र गरेको छैन । नोकर तथा श्रीमतीलाई समेत गोठामा पालिएको गाईवस्तुहरु जस्तै सम्पत्ति मानेको छ , जसले गर्दा श्रीमतीलाई व्यक्तिको रुपमा होईन 'वस्तु' को रुपमा ग्रहण गरिएको देखिन्छ । पूर्वीय सभ्यतामा मात्र होइन प्राचिन रोम कानुनको अध्ययन गर्दा पनि श्रीमतीलाई व्यक्तिको रुपमा नभई वस्तुको रुपमा ग्रहण गर्ने चलन रहेको पाईन्छ । त्यसैकारण त्यहाँको कानूनमा श्रीमती हत्या गर्दा श्रीमानलाई सजाय नगर्ने व्यावस्था गरिएको पाईन्छ । यसको पछाडी रहेको एउटै मात्र कारण हो श्रीमती श्रीमानको 'पूर्ण नियन्त्रण र स्व इच्छा' मा रहनु । (wonta at et al, 2056)[2] यसरी प्रचिन काल देखि चलि आएको सामाजिक, सांस्कृतिक मान्यताहरुले गर्दा पनि समाजमा महिलाहरुको स्थान निम्न स्तरमा रहदै आएको छ ।

जागरण नेपालले, नेपालका प्रमुख राजनीतिक दलहरुको विधानको लैङ्गिक विश्लेषणमा महिलाहरुको अवस्थालाई यसरी विश्लेषण गरेको छ । राजनीतिक अधिकारको बिषयमा महिलाहरुको सचेतना बढ्दै गएको कुरा संविधान सभाको निर्वाचनमा मतदाताको रुपमा बिगतमा भन्दा बढी सहभागिले पुष्टि गर्दछ । सार्वजनिक जीवनका विविध पक्षमा क्रमश

[2]हिन्दू कानूनशास्त्रको दायभाग सम्प्रदाय (जुन भारतको वंगाल प्रन्तमा लागू रहेको थियो) । ले श्रीमतीलाई श्रीमान्को सम्पत्तिको रुपमा नगरको कारणले केही प्रगतीशील पक्षलाई आत्मासात गरेको भए पनि स्वास्नीलाई अधिकार दिने कुरा प्रति यस सम्प्रदायमा पनि कुनै प्रगतिशील पक्षहरु रहेका छैनन् । यस सम्प्रादयले छोरालाई नै अंशियारको रुपमा स्वीकार गरेको छ र पैतृक सम्पत्तिमा गर्भमा रहेको छोरालाई पनि अंशको हकदार मानेको छ तर छोरीलाई अंशियार हकबाट वञ्चित गरेको छ ।

महिलाहरुको सहभागिता समेत अभिवृद्धि हुदै गईरहको छ । मानवका रुपमा महिलाहरु पूरुष समान भए पनि उस्तै भने होइनन् । राजनीतिक दलहरुको विधानमा उल्लेखित व्यावस्था विश्लेषण गर्दा समानलाई उस्तै भन्ने अर्थमा लिएको पाइन्छ  तर जैविक रुपमा महिलाहरु पुरुष भन्दा भिन्न भएको हुदाँ सोही आधारमा महिलाका व्यावहारिक आवश्यकताहरु पनि भिन्न हुन्छन् । लैङ्गिक समानतालाई सारमा रुपान्तरण गर्न महिलाका रणनीतिक र व्यावहारिक दुवै आवश्यकताहरुलाई एक साथ सम्बोधन गर्नु पर्दछ । महिलाहरुले शदियौ देखि भोग्दै आएको भेदभाव र त्यसबाट सिर्जित असमानतालाई सारभूतमा रुपान्तरण गर्न नेपालका प्रमुख राजनीकि दलहरुले गरेको पटके व्यावस्थाले परिणाम ल्याउन लामो समय लाग्छ । एकीकृत रुपमा महिलाका मूद्दालाई समेट्न नसके लैङ्गिक समानताको विषय नारामा मात्र सीमित भएर रहन्छ । राजनीतिक दलका विधान लगायतका उपलब्ध दस्तावेज अध्ययन गर्दा पटके केही व्यावस्था बाहेक समग्रमा राजनीतिक दल लैङ्गिक संवेदनशील भएको अवस्था भने अझै पनि छैन । अझै पनि नेपालको राजनीतिमा पुरुष अनुभवमा आधारित सोचको प्रभावको स्पस्ट छाप परेको देखिन्छ  छ । (जागरण नेपाल,२०६८) यस्तो व्यावस्थाले  महिलाहरुले राजनीतिक रुपमा पनि समाजमा सम्मानित जीवन बाँच्न पाईरहेका छैनन् ।

महिलाहरुले पनि पैतृक सम्पत्ति पाउनु पर्छ भन्ने कुरामा विभिन्न संघसंस्थाले पनि महत्वपूर्ण भूमिका खेलेका थिए जस मध्ये “अधिराज्यभरि जनमत निमार्ण गर्नमा अखिल नेपाल महिलासंघले जुन रुपमा आफ्ना कार्यकर्ताहरुको परिचालान गर्‍यो त्यो अत्यन्तै प्रशंसनिय र अनुकरणीय रहेको भएतापनि यससंघको राजनैतिक समिपता रहेको दल नेकपा एमालेलाई परिचालन गरी महिलाहरुको साम्पत्तिक अधिकार प्रति जुन व्यापक समर्थन जुटाउन सक्ने हो त्यो भएको थिएन यसरी महिलाहरुलाई पैतृक सम्पत्तिमा हक अधिकार दिलाउनको लागि विभिन्न संघसंस्थाहरले पनि महत्वपूर्ण भूमिका खेलेका थिए ।

सम्पत्तिमा अधिकारलाई लैङ्गिक समानताको पुर्वाधार मान्दै यसबाट महिला सशक्तीकरणमा निकै सकरात्मक प्रभाव पर्ने र त्यसले समाज विकासमा टेवा पुग्ने अपेक्षा गरेका थिए । परिवारमा छोरीको आर्थिक अवस्था सुदृढ हुने, पारिवारिक निर्णयमा पहुँच बढ्ने वंशको रुपमा स्वीकार हुने, आम रुपमा छोरीलाई समान व्यवहार गर्ने कर लाग्ने, सार्वजनिक तथा उत्पादनका क्षेत्रमा महिलाको संलग्नता बढ्ने जस्ता अनुमान मिश्रले गरेका थिए ( मिश्र,२०६७) तर व्यवहारतः हाम्रो समाजमा यो कानून अभ्यासमा आउनै सकेन ।

संचारिका समूहले महिलाहरुको पैतृक सम्पत्ति धारणासंग सम्बन्धीत रहेर विभिन्न संघ संस्था, जात जातिका समूह, समाजशास्त्री, मानवशास्त्री, पत्रकार, कानून विद्व, अर्थशास्त्री लगाएतका व्यक्तिहरुलाई संलग्न गराएर एउटा अध्ययन गरेको थियो । जसमा समाजशास्त्र र मानवशास्त्र समूहमा चैतन्य मिश्र,रामबहादुर क्षेत्री, लयप्रसाद उप्रती, विनोद पोखेल, मधु सुदन सुवेदी लगाए व्यक्तिहरुले पनि यस विषयलाई सकरात्मक धारणा राखेका थिए । (सञ्चारिका समूह - नेपाल, २००१) यस अध्ययनमा उनीहरुले महिलाहरुको  आमा बुवामा भएको पैतृक सम्पत्ति हक हस्तान्तरण देखि लिएर नेपालको तराईसँग सिमा जोडिएको क्षेत्रका सम्बन्धमा पनि अध्ययन गरिएको छ, जसमा सिमा पारिको विवाह सम्बन्धको बारेमा पनि चर्चा गरेका छन् । विशेष गरेर तराईमा दाईजो प्रथाले एकदमै महत्वपूर्ण भूमिका खेलेको छ । तराई दाईजोको कारणले गर्दा कति महिलाहरुले शारिरीक तथा मानसिक यातना भोगी रहेका छन् । त्यसैले पनि यस्ता अध्ययनले समाजमा महिलाहरुको आर्थिक अवस्था कस्तो हुनु पर्छ भन्ने पक्षलाई देखाउँछ । यस अध्ययनले पैतृक सम्पत्ति हस्तान्तरण गर्ने सम्बन्धमा वकसपत्र, दान वा इच्छापत्रको बारेमा पनि चर्चा गरेका छन् । यी मूल्य मान्यताले महिलाको जीवनमा पर्ने प्रभाव, फाईदा र वेफाईदाको पनि चर्चा गरेका छन् ।

### २.१.३ मुलुकी ऐन एघारौ संशोधन पछि सम्पत्तिमा महिलाहरुको अधिकार

मुलुकी ऐन एघारौं संशोधन पछि पनि महिलाहरुको सम्पत्ति सम्बन्धी अधिकारमा विभिन्न विविधताहरु रहेको पाइन्छ जसलाई निम्नानुसार उल्लेख गरेको पाइन्छ (महिला कानुन तथा विकास मञ्च २०५८ : १-५) :

#### (क) छोरीको पैत्रिक सम्पत्तिमा अधिकार

पुरानो व्यवस्था अनुसार अशंवण्डा गर्दा आमा बाबु र छोराले पाउनु जन्म सिद्ध अधिकार थियो भने छोरीले ३५ वर्षसम्म अविवाहित नै बसेपछि मात्र अंश पाउने कानुनी व्यवस्था थियो । मुलुकी ऐनको एघारौं संशोधनले उक्त व्यवस्था खारेज गरी अविवाहित छोरीलाई पनि अंशवण्डा गर्नुपर्ने कानुनी व्यवस्था गर्‍यो । यसरी मुलुकी ऐन एघारौं संशोधन अघि विवाह भै सकेकी छोरीलाई पैत्रिक सम्पत्तिमा अंशहक अधिकारबाट बञ्चित गरिएको थियो तर अंश लिइसकेपछि छोरीको विवाह भएमा निजले उपभोग गरिसकेपछि बाँकी रहेको अंश माइति पट्टीका हकवालाले पाउने व्यवस्था गरिएको थियो । तर महिलालाई वैवाहिक स्थितिका

आधारमा विभेद गर्ने उक्त कानुनी व्यवस्था हाल लैङ्गिक समानता कायम गर्न केही कानुन संशोधन गर्न बनेको ऐन २०६३ ले तत्कालिन अंशबण्डाको १६ नं. ले माइतीबाट अंश लिई विवाह भएको अवस्थामा माइतीलाई नै उक्त अंश फिर्ता गर्नुपर्ने व्यवस्था हटाई स्त्री अंशधनको महल नं. २ संशोधन गरी महिलाले आफ्नो अंशहकको चल अचल सम्पत्ति आफुखुसी गर्न पाउने व्यवस्था गरेको छ । (लैङ्गिक असमानता कायम गर्न केही कानुन संशोधन गर्न बनेको ऐन २०६३ : ५, नेपाल राजपत्र ।)

**(ख) विवाहित महिलाको अंश अधिकार**

मुलुकी ऐन लोग्नेस्वास्नीको महल नं. १ ले स्वास्नीले लोग्ने जीवित रहुन्जेल लोग्नेको मन्जुरी बिना अंश लिई छुट्टिन नपाउने तर लोग्ने खान, लाउन नदिएमा घरबाट निकाला गरेमा, कुटपिट गरी दु:ख दिएमा वा अर्को स्वस्नी ल्याएको स्थितिमा मात्र स्वास्नीले लोग्नेबाट अंश लिई छुट्टिन पाउने कानुनी व्यवस्गा गरेको छ (श्रेष्ठ, २०६५ : ४०२ ।)

**(ग) विधवा महिलाको अंशहक अधिकार**

मुलुकी ऐन अंशबण्डाको महलको १२ नं. ले सन्तान नभएको विधवाले अर्को विवाह गरेमा आफुले लिएको अंश आफुखुशी गर्न पाउने व्यवस्था गरेको छ तर सन्तान नाबालक भएसम्म पालनपोषण र शिक्षाको व्यवस्था सोृही सम्पत्तिबाट गर्नुपर्दछ ।

**(घ) सम्बन्ध विच्छेद भएकी महिलाको अंशहक अधिकार**

मुलुकी ऐन लोग्नेस्वास्नीको महल नं. ४ (क) वमोजिम कसैको कुनै पनि कारणले सम्बन्ध विच्छेद भएको भए तापनि अदालतले सम्बन्ध विच्छेदको निर्णय गर्नु अगाडि श्रीमतिको अंश दिएर मात्र सम्बन्ध विच्छेद गर्नसक्ने व्यवस्था गरेको छ । अंशवण्डा भइसकेपछि सम्बन्ध विच्छेद भएकी महिलाको अंशमा परेको सम्पत्तिमा निजको हक हुन्छ तर सम्बन्ध विच्छेद भएकी महिलालाई एकपटक अंश पाइसकेपछि सम्पत्ति आफनो शेषपछि कसको हुने हो भनी निर्णय गर्ने अधिकारबाट बञ्चित गरको छ ।

**(ङ) महिलाको अपुताली सम्बन्धी अधिकार**

मुलुकी ऐन अपुतालीको महल नं. २ वमोजिम अपुतालीको क्रममा छोरीलाई विवाहित र अविवाहितको आधारमा गरिएको छ । भेदभावपूर्ण व्यवस्था हटाई हाल अपुताली हक पाल्नेले

पाउने भन्ने व्यवस्था गरेको छ ( लैङ्गिक समानता कायम गर्न केही कानुन संशोधन गर्न बनेको ऐन २०६३ : नेपाल राजपत्र ।)

## २.१.४ नेपालको अन्तरिम संविधान २०६३ ले पैत्रिक सम्पत्तिका सम्बन्धमा प्रदान गरेको महिलाको हक

अन्तरिम संविधान २०६३ ले महिलको हक सम्बन्धी गरेका केही व्यवस्थाहरु यस अनुसार रहेका छन् : महिला भएकै कारणले कुनै पनि किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई प्रजनन सम्बन्धी हक हुनेछ, कुनै पनि महिला विरुद्ध शारिरीक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र यस्तो कार्य कानुनद्धारा दण्डनिय हुनेछ, पैत्रिक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

## २.२.३ पैत्रिक सम्पत्तिका सम्बन्धमा महिला विरुद्धको भेदभावपूर्ण कानुनी व्यवस्था

हाम्रो सामाजिक संरचना र व्यवहार पितृसत्तामा आधारित छ त्यसैले सामाजिक संरचना, परम्परागत मूल्यमान्यतता र संस्कारले पनि महिलाप्रति भेदभाव गरेको छ । संविधानका प्रावधानहरु, राज्यका नीतिहरु, नेपालले अनुमोदन गरेका अन्तर्राष्टिय मानव अधिकारका महासन्धिले महिला विरुद्धको भेदभाव उन्मूलन गर्ने, राज्य पक्षलाई उत्तरदायि बनाएको भए तापनि राज्यले बनाएका थुप्रै कानुनहरुले महिलालाई विभेद गरेको छ । राज्यले बनाएका यस्ता महिला विरुद्धका विभेदपूर्ण कानुनले पितृसत्तालाई संस्थागत गर्ने काम गरेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको धारा १ मा महिला विरुद्धको भेदभावको परिभाषा उल्लेख गरिएको छ जस अनुसार राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आँफै वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्न वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै शून्यकरण पार्ने उद्देश्य वा परिणाम भएको लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिस्कार वा प्रतिबन्धलाई सम्झनु पर्दछ भनिएको छ । यस परिभाषाले राज्यका ऐन कानुन तथा नीतिहरुलाई मूल्याङ्कन गर्दा त्यस्ता ऐन कानुन तथा नीतिहरुले महिला र पुरुषबिच भेदभाव नै मानिन्छ ।

### २.१.५ केही महत्वपूर्ण प्रकाशित ग्रन्थ तथा लेखहरुको संक्षिप्त साहित्यिक पुनरावलोकन

नेपाली महिलाहरुमा भएको विभेदपूर्ण व्यवहारलाई उल्लेख गर्दै महिलाहरुलाई सबल र सक्षम बनाउन आर्थिक सबलीकरण गर्नुपर्ने र त्यसका लागि सशक्तीकरण महत्वपूर्ण पक्ष रहेको कुरालाई स्पष्ट पार्दै आर्थिक सबलीकरण नै महिलाहरुको व्यक्तित्व र विकास, निर्णय क्षमता र विभिन्न क्षेत्रमा पहुँच कायम गर्न मद्दत मिल्ने तथ्यलाई औल्याएको छ । नेपाली महिलाहरु राज्य निर्मित कानुद्वारा समेत विभेदीत भएको कुरालाई पुष्टि गर्दै मुलुकी ऐन ११ औँ संशोधन पछि अंश सम्पत्तिमा महिलाहरुको अधिकार सम्बन्धमा भएको संशोधित व्यवस्था र त्यसको कमीकमजोरी र गर्नुपर्ने सुधारबारे स्पष्ट रुपमा उल्लेख गरिएको छ जसबाट महिलाहरुको अंशहक सम्बन्धी कुराहरुको जानकारी हुन्छ । यसरी महिला कानुन तथा विकास मञ्चमा पैत्रिक सम्पत्तिमा अंशहक सम्बन्धी व्यवस्थाका बारेमा जानकारी लिन उपयुक्त स्रोत मानिन्छ ( महिला कानुन र विकास मञ्च, २०५८ : काठमाडौँ ।)

पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार एक अध्ययन मिना आचार्य, समाजशास्त्र विभाग, कीर्तिपुर, अप्रकाशित शोधपत्र २०५८ । मिना आचार्य द्धारा पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार एक अध्ययनको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा नेपालमा महिलाहरुको सम्पत्तिमा अंशहक अधिकारहरु बारे चर्चा गरिनुका साथै अंशबण्डाको महललाई समेत व्याख्या गरी आफ्ना सुझावहरु समेत राख्नु भएको छ । शोधपत्रले नेपालमा महिला अंश सम्पत्ति अधिकार के कति रहेछन् त भनेर देखाउने प्रयास गर्नुका साथै महिलालाई सम्पत्ति दिँदाको अवस्थामा हुने फाइदा तथा बेफाइदाहरुको वर्णन गर्नु भएको छ । अतः यस सम्बन्धी गर्न चाहने जो कोहीको लागि पनि यो अध्ययन एउटा राम्रो स्रोत हुन पुगेको छ । प्रस्तुत शोधपत्रले महिलाको अंशहक सम्बन्धी आवश्यकता र अंशहक प्रयोगले महिलाको जीवनस्तरमा पारेको प्रभावका बारेमा अध्ययन गरिएको छ ।

महिला भेदभाव सन्दर्भमा नेपाल कानुन, सन्ध्या बस्नेत, महिला कानुन तथा विकास मञ्च, सम्पादन विपिन अधिकारी, काठमाडौँ, २०५० । प्रस्तुत लेखमा महिलाहरुलाई दोस्रो दर्जाको रुपमा व्यवहार गरिदै आएको र नेपालको संविधान तथा कानुनहरुले पनि बढावा दिएकोमा आफ्नो असन्तुष्टि राख्दै नेपालमा प्रचलित कानुन व्यवस्था, सम्पत्ति सम्बन्धी व्यवस्था (नयाँ मुलुकी ऐन २०२०) अंश बण्डाको महल, मुलुकी ऐन, अपुतालीका महल जस्ता प्रसँगहरुलाई

उठाई आफुलाई लागेका वा देखिएको अभाव तथा अपुग कानुनहरुलाई पूर्ण गर्नुपर्ने सल्लाह समेत दिएर महिलाहरुको सम्पत्तिमा अंशहकको विषयलाई उठाउनु भएको छ । यस लेखमा नेपाली महिलाहरुको सम्पत्तिमा समान अधिकार नभएको कुरा उल्लेख गरिएकाले यस अध्ययनमा यो कृति एक महत्वपूर्ण स्रोत मानिन्छ ।

छोरीलाई अंश : प्रसंग सुरक्षाको (डा. शङ्करमान श्रेष्ठ, सचिव मानवअधिकार आयोग, न्यायदुत, काठमाडौँ, २०५७ ।) यस लेखमा अंशहकमा छोराछोरीलाई समाजले गरेको विभेद नै आजको अपराधको कारण हो त्यसैले कानुन बनाएर मात्र हुँदैन व्यवहारमा पनि लागु हुनुपर्दछ । घरपरिवार, समाज र कानुनले छोराछोरीहरुलाई समान व्यवहार गर्नुपर्दछ । यस लेखमा कानुनमा भएका व्यवस्थाहरुबारे उल्लेख गरिएको छैन र कानुनको उपयोग र नागरिकको कर्तव्य पुरा गर्न महिलाहरु कसरी अघि बढ्नुपर्दछ भन्ने बारे स्पष्ट उल्लेख गरेको छैन । महिलाहरुको अंशहक र त्यसको प्रभावका बारेमा भने उल्लेख गरको छ । स्त्री अंशधनमा समाजको दृष्टिकोणको बारेमा र भावी समाजलाई गर्नुपर्ने व्यवस्थाका बारेमा उल्लेख गरिएको छ जुन यस अध्ययनका लागि उपयुक्त साधन बनेको छ ।

### २.१.६ पूर्व प्रकाशित सान्दर्भिक साहित्यको समिक्षाको निष्कर्ष

सन्दर्भ साहित्यको समीक्षा अन्तरर्गत उल्लेख गरिएका महिलाको पैतृक सम्पत्ति अधिकार सम्बन्धी विभिन्न पुस्तक, लेख, केन्द्रीय विभागको तथ्याङ्क साथै पैतृक सम्पत्ति सम्बन्धी अन्य व्यक्ति तथा संघसंस्थाहरुले गरेको अध्ययन अनुसन्धान तथा प्रतिवेदनहरुको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने नेपालमा महिलाहरुको स्थिती एकदमै कमजोर छ । महिलाहरु सदियौ देखि पुरुषको दासत्वबाट मुक्त हुन सकिरहेका छैनन् । नेपालमा मात्र नभएर दक्षिण एशियाली राष्ट्रहरुमा नै पनि महिलाहरुको दयनीय अवस्था रहेको छ । महिलाहरुमा सम्पत्तिको पूर्ण अधिकार छैन जति पुरुषमा छ । महिलाहरु अहिले सम्म पनि घर भित्रको काममा मात्र सिमित रहेका छन् । आर्थिक स्रोतमा महिलाहरुको पहुँच नहुँदा महिलाहरुले विभिन्न प्रकारका हिंसाको सिकार बनिरहनु परेको छ , जस्तै महिलाले आफ्नो शरीरमा आफूले नियन्त्रण गर्न सकिरहेका छैनन् ,उनीहरुमा निर्णय लिने अधिकार छैन । यसले गर्दा पनि महिलाहरु हिंसा सहन बाध्य छन् ।

कानूनी दस्तावेजहरुमा महिलाको लागि पनि पूरुष सरह नै कानूनी व्यवस्था उल्लेख गरिएको भए पनि महिलाहरुको लागि त्यो कानून उपयोगी हुन सकिरहेको छैन । अझै पनि महिलाहरुलाई दोश्रो दर्जाको नागरिकको रुपमा नै राखिएको छ । नेपालमा पनि महिलाहरुको शसक्तिकरणको लागि विभिन्न कार्यक्रम ल्याए पनि त्यसको प्रभाव पर्न सकिरहेको छैन । सम्पत्ति भोग चलन सम्बन्धी अधिकार पुरुष सरह नैमहिलाहरुमा भए पनि व्यावहारतः लागु हुन नसक्दा उनीहरु क्रमशः बुवा, श्रीमान् र छोरामा आश्रित हुन वाध्य छन् । यसको मुख्य कारण महिलामा अर्थको स्रोत साथै महिलालाई घरभित्र मात्र सिमित गरिनु रहेको छ भन्ने निष्र्कष निकाल्न सकिन्छ । यस विषयमा अध्ययन अनुसन्धान पनि जति हुनु पर्ने त्यति भएको पाईन्दैन । त्यैले महिला र पूरुष बीचको समान पैतृक सम्पत्तिको भोग चलन गर्ने सम्बन्धमा कानूनी समस्या मात्रै नभएर यो एउटा सामाजिक समस्या बन्दै गईरहेको निष्र्कष निकाल्न सकिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा कुन सैद्वान्तिक अवधारणासंग मेल गराएर अध्ययन अनुसन्धान कार्यलाई अगाडी बढाउने हो, सो को बारेमा अध्ययन अनुसन्धान कार्य गर्नु पूर्व नै त्यस सैद्वान्तिक अवधारणा बारे प्रष्ट हुनु जरुरी हुन्छ । जसले गर्दा त्यस कार्यलाई अगाडी बढाउन सजिलो हुन्छ । त्यसै अनुरुप यस शोधपत्रलाई लैङ्गिक अवधारणाबाट हेर्ने प्रयास गरिएको छ । निजी सम्पत्तिको उदयको साथ साथै सामाजिक संस्था या प्रकार्यको रुपमा परिवारको महत्व अवश्य घट्दछ । सामाजिक जीवन अब नयाँ उद्योगहरुमा परिणत हुन्छ । आजसम्म जो मानिस् निर्वाहको साधन प्राप्त गर्नमा लागेको थियो, ऊ पशुको बथान, जमीन जोत्ने औजार अनि त्यसपछि दाशको पनि स्वामि भयो । यसै तथ्यको कारणले परिवार अब सामाजिक प्रकार्य रहेन, बरु एक निजी प्रकार्य बन्यो, त्यसै समयदेखि समाजमा पुरुषले प्रथम र स्त्रीले दोश्रो स्थान ग्रहण गर्न शुरु गऱ्यो । यसै बखत आफ्नो बच्चाहरुको उत्तराधिकार निश्चित गर्नका लागि मानिसले नयाँ सत्ताको प्रयोग मातृपक्षबाट पितृपक्ष तर्फ गर्नका लागि निश्चित गऱ्यो । यस प्रकार परिवार, समाजमा उसले आफ्नो स्थिती अझै सुदृढ गऱ्यो ।

यसरी परापूर्व कालदेखि नै महिलामाथि पितृसत्ताको ठूलो प्रभाव रहदै आएको देखिन्छ । यसले गर्दा महिला स्वयम्ले पनि यो परम्परा बसाल्नमा केही साहेता त गरिरहेका छन् । (

कोट्स,२००५ र भासिन,२०१२) महिलाहरु पुरुष भन्दा शारीरिक रुपमा केही कमजोर भएको कारणले गर्दा पनि कति पक्षमा महिलाहरुले पुरुषको सहायता लिनु पर्ने बाध्यता हुन आउँछ जसले गर्दा पुरुषले त्यसको गलत तरिकाले फाईदा लिएर महिलाहरुलाई दवाई राखेका हुन्छन् ।

केवल हाम्रो युगको वृहत् उद्योगले नारीको लागि सामाजिक उत्पादनको ढोका खोलिदियो । अब नारी आफ्नो परिवारको सेवा गर्न निजी काममा लाग्दछिन् । त्यसबेला तिनी सामाजिक उत्पादनमा सम्मिलित हुन सक्दिनन् र केही पनि कमाउन सक्दिनन् । फेरि यदि तिनी सामाजिक श्रममा भाग लिन चाहछिन् र आफै कमाउन चाहन्छिन् भने त्यस बेला घरेलु कामकाज गर्न असमर्थ हुन्छिन् । यिनै कुरा कारखानामा काम गर्ने नारीको लागि पनि त्यत्तिकै सत्य छ । आधुनिक वैयक्तिक परिवार नारीको खुल्ला अथवा गुप्त घरेलु दासतामा आधारित छ र आधुनिक समाज त्यो समुदाय हो, जुन पूर्णतः वैयक्तिक परिवारहरुका अणुहरु मिलेर बनेको छ । वर्तमान् समयमा धेरै जसो परिवारहरुमा, कम्तिमा पनि हुदाँखाँदा वर्गहरुका श्रीमानले पैसा कमाउने काम गर्छ , उसले परिवारको पेट पाल्नुपर्छ र यस कुराले उसलाई परिवारमा त्यो आधिपत्य प्रदान गरेको हुन्छ , जसको लागि कुनै पनि प्रकारको कानूनी विशेषाधिकार आवश्यकता पर्दैन, ऊ परिवारको बुर्जुवा हो भने श्रीमती सर्वहारा । त्यसैबेला मात्र सामाजिक उत्पादनमा सम्पूर्ण नारी जातिको सहभागिताको स्थितिको पुर्नस्थापना नै नारीहरुको मुक्तिको पहिलो पुर्वाधार हो भन्ने कुरा स्पस्ट हुन्छ र यसको लागि व्यक्तिगत परिवार समाजको आर्थिक इकाई बन्न छोड्नुपर्छ । (कोट्स,२००५) यो भनाईले के पुष्टि गर्छ भने महिलाले आय आर्जन गर्ने ठाउँमा भन्दा पनि चुला चौकामा आफ्नो जीवनलाई समर्पित गर्नु परेको छ, जसले गर्दा उसको हातमा अर्थको स्रोत हुदैन र आर्थिक रुपमा महिला कमजोर हुँदा जहिले पनि पुरुषको अधिनमा रहनु पर्ने बाध्यता हुन्छ ।

लैङ्गिक अवधारणाले महिला र पुरुष बीचको सम्बन्धलाई व्याख्या, विश्लेषण र अध्ययन गर्दछ । यस अवधारणाले महिला सम्बन्धी धारणा मात्र नभएर सम्पूर्ण महिला र पुरुष दुबैबाट समाजले अपेक्षा गरेको भूमिकालाई नै जनाउँछ । वास्तवमा जेन्डरले नारी र पुरुषका सामाजिक साँस्कृतिक विशेषताहरुलाई जनाउँछ । नारी र पुरुष जन्मजात निर्धारण भए तापनि जेन्डर चाँहि जन्मजात निर्धारण हुने होईन बरु लिङ्गका आधारमा व्यक्तिसँग जोडेर आउँने सामाजिक मूल्य, मान्यता, भूमिका तथा विशेषताहरुको समष्टिगत रुप नै जेन्डर हो । ( भासीन,२०१२) तर प्राकृतिक लिङ्गको आधारमा श्रम विभाजन र यसै अनुरुपका

सामाजिकीकरण तथा भूमिहरुको हस्तान्तरण गरेर समाजमा महिलालाई दोश्रो दर्जाको रुपमा हेर्ने परम्परा अहिले पनि विध्यमान नै छ ।

प्रसिद्ध विद्धान इमाईल दुर्खिमका अनुसार सामाजिक प्रणालि भनेको विभिन्न सामाजिक क्रियाकलापहरुको परिणाम हो । समाजलाई अध्ययन गर्न सामाजिक घटनाको अध्ययन गर्नु आवश्यक हुन्छ । धर्म एउटा सामाजिक घटना हो, यसको काम सामूहिक जीवनयापन गर्नु र अनुशासित भएर बस्नु आदि हो, त्यस्तै परिवार एउटा घटना हो भने कानुन पनि एउटा सामाजिक घटना हो । अर्का विद्धान मालिनोस्कीले भनेका छन् कि मानिस एउटा शारिरिक प्राणीमात्र नभएर एउटा सामाजिक प्राणी हो । मानव समाज विभिन्न सांस्कृतिक तत्वहरु मिलेर बनेको हुन्छ र प्रत्येक तत्वको आ आफ्नो भूमिका हुन्छ । यसरी कामका आधारमा विभिन्न तत्वहरु बिच क्रियात्मक सम्बन्ध तथा आत्मनिर्भरता हुन्छ र सोही अनुसार समाज सञ्चालन भएको हुन्छ । कुनै पनि सामाजिक व्यवस्थाको अध्ययन गर्दा त्यसका सांस्कृतिक तत्वहरुको अध्ययन गरिनु आवश्यक हुन्छ । लैङ्गिक अवधारणाले महिला र पुरुष विचको सम्बन्धलाई व्याख्या तथा विश्लेषण गर्दछ । लैङ्गिक अवधारणा महिला सम्बन्धी अवधारणा नभएर महिला र पुरुष दुवैबाट समाजले अपेक्षा गरेको भूमिक नै वास्तममा जेन्डरले नारी र पुरुषका सामाजिक सांस्कृतिक विशेषतालाई जनाउँछ । नारी र पुरुष जन्मजात निर्धारण भए तापनि जेन्डर चाँहि जन्मजात नभइ लिङ्गका आधारमा व्यक्तिसँग जोडेर आउने सामाजिक मूल्यमान्यता भूमिक तथा विशेषताहरुको समष्टिगत रुप नै जेन्डर हो । (पौडेल : २०५८) ।

अतः यस अध्ययनले समाजका विभिन्न तत्वहरु मध्ये महिला, कानुन र संस्कृति बिचको सम्बन्धलाई लैङ्गिक दृष्टिकोणले अध्ययन, व्याख्या र विश्लेषण गर्दछ । किनकी वास्तविक रुपमा समाजमा भएका तत्वहरु बिचको तुलनात्मक अध्ययनको अवधारणाले महिला र महिलाका निम्ति बनेका कानुनको सम्बन्धमा संस्कृतिको भूमिकामा यस अध्ययनले जोड दिन्छ । आज महिला सक्षम हुनु जरुरी छ । सदियौं देखि महिलाहरु आर्थिक दृष्टिकोणले पिछडिएका छन् , उनीहरुको सम्पत्तिमाथि स्वामित्व छैन, विभिन्न हिंसाका शिकार भएका छन् , राज्यले कानुन बनाउँदा पनि त्यसको पालना हुँदैन, विश्वव्यापीकरणको होडबाजीमा जीवस्तरमा परिवर्तन आएको छ तापनि महिलाप्रतिको सोचमा र महिलाहरु स्वयम् कै सोचमा पनि परिवर्तन आएको छैन साथै हाम्रो संस्कारमा परिवर्तन आएको छैन । हाम्रो संस्कृतिले महिलाहरुलाई संरक्षण

दिएको छ कि शोषण गरेको छ जुन खोजको विषय बनेको छ । त्यसैले यस शोधपत्रमा पनि महिलाहरुको सम्पत्ति सम्बन्धी अंशहक प्रचलन सम्बन्धमा पुरुष जस्तै महिलाहरु पनि आत्मनिर्भर र आत्मविश्वासी भई आफ्नो अधिकार प्रयोग गर्न के कुरा बाधक बनेको छ भन्ने सन्दर्भलाई बढी जोड दिइएको छ । विभिन्न समाजमा लैङ्गिक सम्बन्धको स्थितिलाई निम्नानुसार उल्लेख गरिएको छ :

**(क) शिकारी तथा कन्दमूल संकलक समाज**

मानव समाजमा यो समाज प्राचीन समाज हो । यो समाज अत्यन्तै सरल र प्रकृतिमा आधारित थियो । यस समयमा विभिन्न कार्यमा लैङ्गिक श्रम विभाजन थियो । यस समाजको प्रारम्भिक कालमा बच्चाको बाबु को हो ? भन्ने स्पष्टता नै हुदैनथ्यो । खुला यौन सम्बन्धका आधारमा बच्चाहरुको जन्म हुन सक्थ्यो । मानवशास्त्री मोर्गनका अनुसार त्यस बेला समाज मातृसत्तामा आधारित थियो तर पछिल्ला समयमा यसमा परिवर्तन आयो । त्यस समयमा उत्पादनका साधन माथिको पहुँच पुरुषहरु माथि बढी थियो तर उत्पादनका कार्यमा वा स्रोतको उपभोग गर्ने सवालमा महिलाहरुको पनि उल्लेख्य भूमिक रहेकोले यस समाजमा लैङ्गिक विभेद तुलनात्मक रुपमा कम भएको तथ्या समाजशास्त्री तथा मानवशास्त्रीहरुले बताएका छन् । कम विभेदका कारण स्रोतमाथिको पहँच धेरथोर रुपमा महिला तथा पुरुष दुवैमा हुनु हो ।

**(ख) कृषि समाज**

शिकारी समाज कृषि समाज तर्फ आकर्षित भयो र महिला र पुरुषको कार्य विभाजनमा स्पष्ट पृथक संकेत देखिएकी महिलाहरु घरभित्रको काममा बढी सिमित बन्दै गए भने पुरुषहरु घरबाहिरका कार्यमा बढी सक्रिय बन्दै गए । विस्तारै स्रोतहरु माथि पुरुषहरुको पहुँच बढी भयो र उनीहरु शक्तिशालि भए । महिलाहरु पुरुषप्रति बढी आश्रित बने । यसै प्रक्रियामा सामाजिक साँस्कृतिक, आर्थिक र राजनैतिक पक्षमा पुरुषको बढी प्रभुत्वदायी भूमिकको विकास भयो । यसै अनुरुपमको सामाजिक परम्पराको विकास भयो । कृषि समाजमा लैङ्गिक विभेदका श्रृंखलाहरु बढी जटिल बन्दै गए कालान्तरमा महिलाहरु कमजोर बन्न पुगे । स्रोतहरु माथि महिलाहरुको पहुँच कमजोर रहेको, विभिन्न कार्यमा पुरुषहरु सक्रिय र जिम्मेवार हुन्छन भन्ने मान्यताको विकाससँगै विभेदपूर्ण लैङ्गिक सामाजिकीकरणको प्रक्रिया अघि बढ्यो ।

### (ग) औद्योगिक समाज

खासगरी १८ औँ शताब्दिको औद्योगिकरणको प्रक्रियाको विकाससँगै महिलाहरु पनि क्रमशः घरबाहिरका आय आर्जन हुने कार्यमा संलग्न हुन थाले तर यस्ता कार्यमा महिला र पुरुषलाई समान उत्साह, समर्थन, ज्याला आदिको व्यवस्था थिएन । महिलाहरुले पुरुष सरह सुविधा प्राप्त गर्न सकेनन् । यसै समयमा लैङ्गिक समानताका लागि संगठित आन्दोलनहरु हुन थाले जसले महिला अधिकारको खोजी गर्‍यो । सन १९५० पछि विकास भएका मान्यता, महिला आन्दोलन, प्रजातान्त्रिक व्यवस्था, मानव अधिकार, सामाजिक न्याय जस्ता पक्षमा देखिएका सकारात्मक संकेतले लैङ्गिक विभेद हटाउने तर्फ विश्वभर नै वहस चलाएको थियो । भेदभाव विरुद्ध अन्तर्राष्टिय घोषणापत्रहरु जारी भएका छन् । पछिल्ला समयमा शिक्षामा आएको परिवर्तनले लैङ्गिक भेदभावका व्यवहारहरुलाई हटाउन मद्दत मिलेको छ । आय आर्जनको क्षेत्रमा शहरी महिलाहरुको पहुँच बढेको छ । विकसित देशहरुका महिलाहरुको अवस्थामा व्यापक सुधारहरु देखापरे तापनि गरिब तथा विपन्न मुलुकका महिलाहरुको अवस्था अझै पनि नाजुक नै रहेको छ । औद्योगिक समाजमा महिलाहरुलाई उत्पादन वस्तुका रुपमा मात्र हेर्ने पूँजीवादी मान्यता र शैलीका कारण आर्थिक रुपमा विकसित समाजमा पनि लैङ्गिक विभेद कायम नै छ ।

### २.२.१ पितृसत्ता र अत्याचार

पितृसत्ता त्यस्तो प्रकारको सामाजिक संगठनको स्वरुप हो जस अन्तर्गत परिवारमा कुनै जेठो पुरुष सदस्य त्यस परिवारको मुख्य हुन्छ । परिवारमा उ नै बढी हर्ताकर्ता हुन्छ र कुनै पनि कार्यमा उसको निर्णायक भूमिका रहन्छ । बालबच्चा तथा महिलाहरुमाथि उसको विजयी शक्ति स्थापित भएको हुन्छ । वंश हस्तान्तरण पुरुष प्रधान हुन्छ । पितृसत्ता रहेको परिवारमा परिवारको जेठो पुरुष सर्वेसर्वा हन्छ । कुनै पनि सामाजिक,आर्थिक, राजनैतिक तथा धार्मिक कार्यहरुमा उसको उपस्थिति अनिवार्य मानिन्छ । यस्तो समाजमा पुरुषको बढी महत्व रहेको हुन्छ । परिवारमा बाबु पछिको जान्ने व्यक्ति आमा हुँदाहुँदै पनि जेठो छोरालाई सामाजिक मामिलामा अगाडी बढाइन्छ । पितृसत्ता रहेको समाजमा छोरा र छोरीप्रति सम्पत्ति, शिक्षा, रोजगार, घुमफिर आदिमा विभेदपूर्ण व्यवहार गरिन्छ र महिलाहरुमाथि पुरुषले अत्याचार गरेको हुन्छ । प्रसिद्ध विद्वान कमला भाषिनले भनेका छन् की त्यस्तो संरचना जहाँ महिलामाथि पुरुषहरुले दमन, शोषण र विभेद गर्दछन वा शासन गर्दछन् त्यो नै पितृसत्ता हो । आजसम्म

पनि विश्वका अधिकाशं परिवारमा पितृसत्ता प्रवृति छ त्यसैले परिवारभित्र महिला र पुरुषका बिच समान हैसियत कायम हुन सकेको छैन् ।

### २.२.२ मानव इतिहासमा लैङ्गिकको रचना

मानव इतिहासमा विभिन्न समयमा विकास भएका, उत्पादन व्यवस्था र ती अर्न्तगत विकास भएका समाज र संस्कृतिमा सामाजिक लिङ्ग निर्माणको प्रक्रिया आ आफ्नै तरिकाको पाइन्छ । समय अन्तरालमा समाज र सँास्कृतिक तथा आर्थिक ढाँचामा व्यापक परिवर्तन आएको पाइन्छ । यसै गरी समाजमा लिङ्ग निर्माणको प्रक्रिया पनि निरन्तर रुपमा अगाडी बढीरहेको छ । समाजमा महिला र पुरुषको सम्बन्ध, स्थान, भूमिका, हैसियत आदिमा पनि केही परिवर्तन आएको छ तर पनि समाजमा लैङ्गिक सम्बन्ध अझ पनि असमान नै रहेको पाइन्छ ।

### २.२.३ हिन्दु समाजमा महिलाको स्थान

हिन्दु समाजमा महिलाहरुको स्थिति विभेदपूर्ण नै रहेको छ । महिलाहरुलाई कही उच्च स्थान दिएको छ भने कही निम्न स्थान दिएको छ । एउटै स्त्री जातिलाई पनि कही छोरीको रुपमा पवित्र मानिएको छ भने कही बुहारीको रुपमा दासी जस्तै व्यवहार गरी विभदे गरिएको छ । विवाहित श्रीमतिबाट पुत्र नभए पुरुषले अर्को विवाह गर्ने तर पुरुषबाट पुत्र नभए श्रीमतिले दोस्रो विवाह गर्न नपाउने जस्ता विभेदपूर्ण कुराहरु व्यवहार गरिएको छ । हिन्दु समाजमा पैत्रिक सम्पत्तिमा महिलाको अंशहक प्रचलन सम्बन्धमा केही कुरा पनि उल्लेख गरिएको छैन ।

### २.२.४ खतरा पत्नी र पूजित छोरी

यस पुस्तकमा नेपाली महिलाहरुको द्वैध भूमिकालाई प्रस्ट्याउन खोजिएको छ । विवाहित महिलालाई खतरा महिला र अविवाहितलाई पुज्य दिदीबहिनीको रुपमा व्याख्या गरिएको छ । विवाहितलाई अशुद्ध मानिन्छ भने अविवाहितलाई शुद्ध र पवित्र मान्दै उच्च स्थान दिइएको छ । यस पुस्तकमा महिलाहरुको भूमिकाका बारेमा व्याख्या विश्लेषण गरिएको छ तर पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा व्याख्या विश्लेषण गरिएको छैन । यस पुस्तकमा भएको महिलाको द्वैध भूमिकाको विषयले यस शोधपत्रलाई सूचनाको स्रोत प्रदान गरेको छ । (आचार्य बलराम, (२०६४), चौथो संस्करण, नेपाली समाज र संस्कृतिको विश्लेषण, काठमाडौं : युनाइटेड ग्राफिक प्रिन्टर्स प्रा. लि. ।)

## अध्याय तिन

# अध्ययन विधि

कुनै पनि कार्यलाई सफल र प्रभावकारी बनाउनका लागि उपयुक्त विधि र प्रक्रिया अपनाउनु आवश्यक हुन्छ । अनुसन्धान आफैँमा जटिल कार्य भए तापनि यसलाई सफल, प्रभावकारी र अर्थपूर्ण बनाउन विभिन्न विधिहरुको प्रयोग गर्नु पर्दछ । अनुसन्धानको प्रकृति अनुसार अध्ययन विधिहरु पनि फरक फरक किसिमका हुन्छन् । अनुसन्धानमा विधिले विशेष भूमिका खेलेको हुन्छ । अध्ययनलाई पूर्णता दिनका लागि अध्ययनको प्रकृतिका आधारमा सामग्रीहरु निर्माण त्यस पछि तथ्य सङ्कलन गरी सोही आधारमा व्याख्या तथा विश्लेषण गरिनु पर्दछ । प्रस्तुत अध्ययन महिलाको अंशहक प्रचलन सम्बन्धमा नगाउँ कीर्तिपुरका नेवार महिलाहरुको धारणा : एक सामजशास्त्रीय अध्ययनमा केन्द्रित रहेकाले सोही अनुसार क्षेत्रिय अध्ययन विधिको उपयोग गरिएको छ । यस अध्ययनमा अध्ययनको ढाँचा, तथ्याङ्क स्रोतका साधनहरु, जस्तो प्राथमिक र द्वितीय स्रोतहरुको प्रयोग गरिएको छ साथै कीर्तिपुर नपा. वडा नं. १६ नगाउँका ४० जना नेवार महिलाहरुलाई नमुनाका रुपमा छनोट गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.१ अनुसन्धान ढाचा

प्रस्तुत अध्ययन पैत्रिक सम्पत्तिमा नेवार महिलाहरुको धारणा सम्बन्धी यस अनुसन्धानको रुपरेखा वा ढाँचा खोजमूलक र वर्णनात्मक रहेको छ । सम्पत्तिमा महिलाहरुको हक अधिकार सम्बन्धी कानुनमा के कस्तो व्यवस्था रहेको छ र त्यस्ता हक अधिकारको व्यावहारिक प्रचलनमा कसरी उपभोग गर्नुपर्दछ, हकअधिकार कार्यान्वयन गराउने दायित्व क कस्को हुने साथै अन्तरिम संविधान २०६३ र त्यस पछिका कानुनी व्यवस्थाहरुमा हालसम्म के कस्तो सुधार हुँदै आएको छ भन्ने बारेमा विस्तृत अध्ययन अनुसन्धान नभएकाले यस अध्ययनलाई अनुसन्धानको रुपमा लिनुपर्ने भएकाले यस अध्ययनको ढाँचा खोजमूलक हुनु स्वभाविकै छ साथै सम्बन्धित विषयमा बढी भन्दा बढी जानकारी होस् भन्ने उद्देश्य राखी यो शोधपत्र तयार गरिएकाले यसको ढाँचा वर्णनात्मक र खोजमूलक रहेको छ ।

## ३.२ नमुना छनौट

प्रस्तुत अध्ययनमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाका सम्पूर्ण नेवार महिलाहरुको एकै पटक अंशहक प्रचलन गर्ने सम्बन्धमा अध्ययन गर्न नसकिने भएकाले सम्पूर्ण नेवार महिलाहरुको प्रतिनिधित्व हुने गरी काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँका नेवार समुदाय मध्ये महर्जन जातिका १८ देखि ७० वर्ष उमेर समुहका विवाहित, अविवाहित र एकल गरी जम्मा ४० जना नेवार महिलाहरुलाई नमुनाका रूपमा छनोट गरिएको छ ।

## ३.३ समग्रता र नमुना छनोट

यो अध्ययन त्रिभुव विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्तिका लागि तयार पारिएकोले अनुसन्धानकर्ता एक्लैले छोटो समय भित्र पुरा गर्नुपर्ने हुदाँ अध्ययन क्षेत्रको समग्र जनसंख्या र सबै पक्षहरुको एक एक गरेर अनुसन्धान गर्न नसकिने भएकाले समग्रताको प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक नमुना छनौट प्रक्रिया अबलम्वन गरिएको छ । नमुना छनौट गर्दा सबै पक्षको प्रतिनिधित्व गराउन सक्दो प्रयास गरिएको छ । यो सानो अध्ययनबाट आएको निष्कर्षहरुलाई समग्रतामा ठूलो क्षेत्रमा सामान्यिकरण गर्न सकिने छ भन्ने विश्वास लिइएको छ । अध्ययनको क्रममा नमुना विधि (Sampling Method) द्वारा विवाहित महिला, अविवाहित महिला, एकल महिला, उच्चवर्गका महिला, निम्नवर्गका महिला, शिक्षित महिला, अशिक्षित महिलाहरुलाई उत्तरदाताहरुको रुपमा छनोट गरिएको छ । समग्रताको प्रतिनिधित्व गर्न यस अध्ययनमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँलाई छानिएको छ । जुन गाउँमा जम्मा ८० घरधुरी रहेको र त्यस मध्येबाट प्राथमिक तथ्याङ्क विधिद्वारा भिन्नाभिन्नै घरधुरीबाट नेवार समुदाय मध्ये महर्जन जातिका १८ देखि ७० वर्ष उमेर समुहका विवाहित, अविवाहित र एकल गरी जम्मा ४० जना नेवार महिलाहरुलाई नमुना छनोट गरिए उत्तरदाताको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

तथ्याङ्कको प्रकृति गुणात्मक र परिमाणात्मक (Qualitative and Quantitative) दुबै प्रकारको रहेको छ र तथ्याङ्क संकलन गर्दा प्राथमिक र द्वितीय (Primary and Secondary)

दुबै स्रोतबाट संकलन गरिएको छ । तथ्याङ्क संकलनको प्राथमिक स्रोतहरुमा अनुसन्धानकर्ता स्वयम् प्रत्यक्ष रुपमा (Direct) भेट गरी उत्तरदाताहरुलाई आफुले तयार पारेको प्रश्न सूचीहरुका आधारमा अन्तर्वाता लिएको छ र सामुहिक रुपमा छलफल र भलाकुसारी पनि गरिएको छ । प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र सूचनाहरुलाई प्राथमिक स्रोत मानिएको छ । अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा भएर प्रश्नावलीहरु भर्न लगाएर अनुसन्धानका उद्देश्यहरु पुरा गर्नका लागि अध्ययन अवधि भित्रै भराएको छ । तथ्याङ्क संकलनका द्वितीय स्रोतहरुमा कार्यालयमा भएका अभिलेखहरु, सम्बन्धित क्षेत्रका किताबहरु, प्रतिवेदनहरु, विद्यालयमा भएका तथ्याङ्कहरु, सान्दर्भिक लेखरचनाहरु आदिलाई यस अध्ययनमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन

अनुसन्धानका उद्देश्यहरुलाई पुरा गर्न तथ्याङ्क संकलनका विभिन्न विधिहरुको प्रयोग गरिएको छ । अनुसन्धान एकपक्षीय र एक्लैले सोचर मात्र पुरा गर्न सकिदैन । अनुसन्धान अनुसन्धानकर्ताको प्रयास र समन्वयबाट गरिने सामुहिक प्रतिफल हो । यस अनुसन्धानलाई पूरा गर्न आवश्यकता अनुसार निम्नलिखित विधिहरुको प्रयोग गरिएको छ :

### ३.५.१ अन्तर्वाता

समूहगत रुपमा सूचना संकलन गर्न संरचित (Structured) अन्तरर्वाता सूची बनाई स्वयम् अनुसन्धानकर्ताले प्रत्यक्ष रुपमा उपस्थित भई अन्तरवार्ता लिई उद्देश्य अनुसारका तथ्याङ्क र सूचनाहरु संकलन गरिएको छ । उत्तरदाताहरुलाई प्रस्ट पारी पटक पटक प्रश्नहरु शोधी वास्तविक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ प्रश्नावली

अनुसन्धानका उद्देश्यहरुलाई पूरा गर्ने गरी बन्द (Close) र खुला (Open) प्रश्नावलीहरुको प्रयोग गरिएको छ । यसबाट एउटै समयमा धेरै प्रतिक्रियाहरु र धेरै उत्तरदाताहरुको वास्तविक तथ्याङ्कहरु संकलन गर्न सकिन्छ । प्रयोग गरिएका प्रश्नावलीहरु परिशिष्टमा प्रस्तुत गरिएको छ ।

### ३.५.३ सामूहिक छलफल

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धान क्षेत्रमा स्वयम् उपस्थित भई उत्तरदाताहरुसँग घुलमिल भई अंशहक प्रचलन सम्बन्धमा अथवा पैत्रिक सम्पत्तिमा महिलाहरुको हकअधिकार सम्बन्धमा उनीहरुको विचार अथवा धारणा बुझ्न सामूहिक रुपमा त्यसबारे छलफल, अन्तरक्रिया, विचारको आदान प्रदान गरी सत्यतथ्य कुराहरुको बारेमा जानकारी लिइएको छ ।

## ३.६ व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनका लागि विभिन्न स्रोत तथा माध्यमबाट प्राप्त तथ्याङ्कलाई सङ्कलन गरी उक्त संकलित तथ्याङ्कलाई यस अध्ययनको विभिन्न भागमा प्रस्तुत गरिएको छ । नमुना छनोटमा परेका उत्तरदाताहरुलाई प्रश्नावलीका माध्यमबाट भराइएका प्रश्नहरुलाई छुट्टा छुट्टै शीर्षक राखेर काँटछाँट गरी तथ्याङ्कको सही मूल्याङ्कन र विश्लेषण होस् भन्नका लागि तालिका बनाएर राखी तथ्याङ्कको विश्लेषण गरिएको छ । उत्तरदाताहरुसँग अन्तरवार्ता समेत लिई उनीहरुको धारणालाई विभिन्न शीर्षमा विभाजन गरि तालिकामा देखाइ विश्लेषण गरिएको छ । महिलाको अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणालाई वैवाहिक स्थिति, आर्थिक स्थिति, शैक्षिक स्थिति, उमेर समुहमाका आधारमा तालिकिकरण गरिएको छ र सोही तालिकाका आधारमा उनीहरुको धारणालाई व्याख्या तथा विश्लेषण गरिएको छ । महिलाको अंशहक प्रचलन गर्ने सम्बन्धमा नेवार महिलाहरुको धारणालाई सकारात्मक र नकारात्मक धारणालाई समेत प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यस अध्ययनको क्षेत्र सम्पूर्ण स्थिति भित्र नगई अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणाको मात्र अध्ययन गरिएको छ । यस अध्ययनमा पुरुष वा अन्य लिङ्ग समावेश गरिएको छैन महिला केवल नेवार समुदायका १८ वर्ष देखि ७० वर्ष सम्मका शिक्षित र अशिक्षित, विवाहित, अविवाहित र एकल महिला, त्यसै गरी उच्च वर्ग र निम्न वर्गका महिला गरी जम्मा ४० जना नेवार महिलाहरुलाई उत्तरदाताको रुपमा छनोट गरिएको छ । यस अध्ययनमा महिलाको अंशहक प्रचलन गर्ने सम्बन्धमा नेवार महिलाहरुको धारणाको मात्र व्याख्या विश्लेषण गरिएको छ ।

## अध्याय चार

## ४.१ महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणा

प्रस्तुत अध्ययनमा महिलाको अंशहक प्रचलन गर्ने सम्बन्धमा नेवार महिलाहरुको धारणालाई वैवाहिक स्थिति, आर्थिक स्थिति, शैक्षिक स्थिति, उमेर समुहका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । यस शोधपत्रको उद्देश्य पुरा गर्न वस्तुगत प्रश्नहरुका साथै अन्तर्वाता र सामुहिक छलफल गरी काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँको नेवार समुदायका विवाहित, अविवाहित र एकल महिला गरी जम्मा ४० जना नेवार महिलाहरुको धारणाको अध्ययन गरिएको छ । नेवार महिलाहरुको उमेर समुह, वैवाहिक स्थिति, आर्थिक स्थिति र शैक्षिक स्थितिलाई तालिकीकरण गरी सोही आधारमा व्याख्या तथा विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ । काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँ क्षेत्रमा गई उत्तरदाताहरुको धारणा बटुल्ने क्रममा फेला परेका उत्तरदाताहरुको विविध अवस्थालाई प्रस्तुत अध्ययनमा राखिएको छ । महिलाको अंशहक प्रचलन सम्बन्धमा के कस्ता उत्तरदाताहरुलाई समावेश गरियो, कुन कुन उमेर समुहका महिलाहरुले सहभागि जनाए, उनीहरुको शैक्षिक अवस्था के कस्तो रहेको छ, सामाजिक तथा अर्थिकस्तर, वैवाहिक स्थिति जस्ता विविध अवस्थालाई यहाँ राखिएको छ ,

### ४.१.१ नेवार महिलाहरुको उमेर समूह

उमेर समुह अनुसार मानिसको विचारमा पनि फरक पर्ने भएकाले यस अध्ययनका लागि तयार पारिएका प्रश्नहरु, अन्तर्वाता र सामुहिक छलफलमा १८ देखि ७० वर्ष उमेर समुहका नेवार महिलाहरुको सहभागिता रहेको थियो । सहभागि महिलाहरुको उमेर समुहलाई निम्नलिखित तालिकामा उल्लेख गरी उनीहरुको अंशहक प्रचलन सम्बन्धी धारणाको व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.१**

**नेवार महिलाहरुको उमेर समूह**

१८ देखि ७० वर्ष उमेर समुहका सहभागि नेवार महिलाहरु

| **नेवार महिलाहरुको उमेर समुह** | **संलग्न महिला संख्या** |
|---|---|
| १८-३० | २० |
| ३०-४५ | ८ |
| ४५-६० | ६ |
| ६० भन्दा माथि | ६ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

यहाँ सहभागि ४० जना नेवार महिलाहरुमध्ये १८ देखि ३० वर्ष उमेर समुहका युवा महिलाहरु मध्ये २० जना महिलाहरुले सबै भन्दा बढी सहभागिता जनाएका छन् उनीहरुले सम्पत्ति प्रचलनका बारेमा खुलेर आफ्नो धारणा व्यक्त गरेका थिए । त्यसै गरी ३० देखि ४५ वर्ष समुहका वयस्क महिलाहरु मध्ये ८ जना महिलाहरुले सहभागिता जनाएका थिए । उनीहरुले पनि सम्पत्तिका बारेमा सकारात्मक धारणा व्यक्त गरेका थिए  भने सबै भन्दा कम सहभागिता ४५ देखि ६० वर्ष उमेर समुहका ६ जनाले र ६० भन्दा माथि उमेर समुहका ६ जना बृद्ध महिलाहरुले न्यून सहभागिता जनाएका छन् । न्यून सहभागिता जनाउने महिलाहरुमा अंशहक प्रचलन सम्बन्धमा खासै जानकारी नभएको पाइयो भने सबै भन्दा बढी सहभागिता जनाउने महिलाहरु शिक्षित हुनुका साथै अंशहक प्रचलन सम्बन्धमा सकारात्मक सोच भएको पाइन्छ । समग्रमा उमेर समुहका अधारमा अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको सहभागिता कमजोर नै रहेको पाइन्छ ।

### ४.१.२ नेवार महिलाहरुको वैवाहिक स्थिति

महिलाको अंशहक प्रचलन सम्बन्धमा वैवाहिक स्थितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यहाँ अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणालाई हेर्दा विवाहित अविवाहित र एकल महिला गरी ३ समुहका महिलाहरुलाई सहभागि गराइ उनीहरुको धारणा संकलन गरिएको छ । जुन तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.२**

**नेवार महिलाहरुको वैवाहिक स्थिति**

विवाहित अविवाहित र एकल सहभागि महिलाहरु

| नेवार महिलाहरुको वैवाहिक स्थिति | संलग्न महिला संख्या |
|---|---|
| विवाहित महिला | १५ |
| अविवाहित महिला | २० |
| एकल महिला | ५ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

यहाँ सहभागि ४० जना नेवार महिलाहरुमध्ये अविवाहित २० जना महिलाहरुले सबै भन्दा बढी सहभागिता जनाएका छन् । त्यसै विवाहित १५ जना महिलाहरुले सहभागिता जनाए भने सबै भन्दा कम एकल महिलाले सहभागिता जनाएका छन् । न्यून सहभागिता जनाउने महिलाहरुमा अंशहक प्रचलन सम्बन्धमा खासै जानकारी नभएको र जानकारी भए पनि परम्परागत मूल्यमान्यतामा आधारित जीवनशैली अपनाइएको पाइयो भने सबै भन्दा बढी सहभागिता जनाउने महिलाहरु शिक्षित हुनुका साथै अंशहक प्रचलन सम्बन्धमा परम्पराबादी विचारलाई त्यागी आधुनिक विचार धाराको विकाश भएको पाइन्छ । समग्रमा वैवाहिक स्थितिका अधारमा अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको सहभागिता मध्यम स्तरको रहेको पाइन्छ । अन्तर्वाता, सामुहिक छलफल र प्रश्नहरुमा विवाहित र एकल महिलाहरु भन्दा अविवाहित महिलाहरुको उच्च सहभागिता रहेको थियो ।

### ४.१.३ नेवार महिलाहरुको शैक्षिकस्तर

महिलाहरुको शैक्षिकस्तरले पनि अनुसन्धानमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस अध्ययनमा नेवार महिलाहरुलाई निरक्षर, साक्षर र शिक्षित गरी ३ समूहमा विभाजन गरी सोही आधारमा प्रश्नावलीहरुको सूची तयार पारिएको थियो जसको विवरण निम्न तालिकामा देखाइएको छ :

**तालिका नं. ४.३**

**नेवार महिलाहरुको शैक्षिकस्तर**

निरक्षर, साक्षर र शिक्षित सहभागि नेवार महिलाहरु

| नेवार महिलाहरुको शैक्षिकस्तर | संलग्न महिला संख्या |
|---|---|
| शिक्षित महिला | १८ |
| साक्षर महिला | १२ |
| निरक्षर महिला | १० |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

अंशहक प्रचलन सम्बन्धमा नेवार महिलााहरुको धारणालाई हेर्दा यहाँ सहभागि ४० जना नेवार महिलाहरुमध्ये शिक्षित १८ जना महिलाहरुले सबै भन्दा बढी सहभागिता जनाएका छन् । त्यसै साक्षर १२ जना महिलाहरुले सहभागिता जनाए भने सबै भन्दा कम १० जना निरक्षर महिलाले सहभागिता जनाएका छन् । न्यून सहभागिता जनाउने नेवार महिलाहरुमा अंशहक प्रचलन सम्बन्धमा जानकारी नै नभएको पाइयो । उनीहरुमा अझै पनि छोरा र छोरीमा समानता हुनु पर्दछ र छोरीले पनि छोरा सरह अंशहक प्रचलन गर्न पाउनु पर्छ भन्ने कुराको बारेमा ज्ञान नभएको पाइन्छ । सबै भन्दा बढी सहभागिता जनाउने महिलाहरु शिक्षित हुनुका साथै अंशहक प्रचलन सम्बन्धमा छोरा र छोरीमा भेदभाव गरिनु हुँदैन र पैत्रिक सम्पत्तिमा दुवैको समान अधिकार हुनुपर्दछ भन्ने धारणा पाइन्छ । समग्रमा वैवाहिक स्थितिका अधारमा अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको सहभागिता मध्यम स्तरको रहेको पाइन्छ । अन्तर्वाता, सामुहिक

छलफल र प्रश्नहरुमा शिक्षित र साक्षर महिलाहरु भन्दा अशिक्षित महिलाहरुको सहभागिता न्यून रहेको थियो ।

### ४.१.४ नेवार महिलाहरुको पेशागत अवस्था

मानिसको पेशाले पनि उनीहरुको धारणामा फरक पर्ने भएकाले यस अध्ययनमा अंशहक प्रचलन सम्बन्धमा गृहणी, उद्योग व्यवसाय, नोकरी वा रोजगारी र विद्यार्थीहरुलाई सहभागि गराई उनीहरुको धारणा संकलन गरिएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.४**

**नेवार महिलाहरुको पेशागत अवस्था**

विद्यार्थी, गृहणी, नोकरी, उद्योग व्यापारी महिलाहरुको सहभागिता

| नेवार महिलाहरुको पेशा | संलग्न महिला संख्या |
|---|---|
| विद्यार्थी महिला | १४ |
| गृहणी महिला | २० |
| नोकरी | ४ |
| उद्योग व्यापार | २ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

महिलाहरुको सामाजिक अवस्था अनुसार अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणालाई हेर्दा यहाँ सहभागि ४० जना नेवार महिलाहरुमध्ये गृहणी २० जना महिलाहरुले सबै भन्दा बढी सहभागिता जनाएका छन् । त्यसै विद्यार्थी १४ जना महिलाहरुले सहभागिता जनाए भने सबै भन्दा कम २ जना उद्योग व्यापारी महिलाले सहभागिता जनाएका छन् भने त्यसै गरी नोकरीमा संलग्न ४ जना महिलाहरुले न्यून सहभागिता जनाएका छन् । न्यून सहभागिता जनाउने महिलाहरु व्यापार र नोकरीमा संलग्न छन् । गृहणी महिलाहरुको संख्या

सबै भन्दा बढी रहेको छ । गृहणीको संख्या बढी हुनुमा शिक्षाको अभाव र छोरा र छोरीमा व्यापक असमानता रहेको पाइन्छ । समग्रमा सामाजिक अवस्थाका अधारमा अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको सहभागिता मध्यम स्तरको रहेको पाइन्छ ।

### ४.१.५ नेवार महिलाहरुको आर्थिक अवस्था

मानिसको आर्थिक अवस्थाले पनि उनीहरुको धारणामा फरक पर्ने भएकाले यस अध्ययनमा अंशहक प्रचलन सम्बन्धमा उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गलाई सहभागि गराई उनीहरुको धारणा संकलन गरिएको छ जसलाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.५**

**नेवार महिलाहरुको अर्थिक अवस्था**

उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्गका सहभागि नेवार महिलाहरु

| नेवार महिलाहरुको आर्थिक अवस्था | संलग्न महिला संख्या |
|---|---|
| उच्चवर्ग | १० |
| मध्यमवर्ग | १० |
| निम्नवर्ग | २० |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

महिलाहरुको आर्थिक अवस्था अनुसार अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणालाई हेर्दा यहाँ सहभागि ४० जना नेवार महिलाहरुमध्ये उच्चवर्गका १० जना महिलाहरुले सहभागिता जनाएका छन् । त्यसै गरी मध्यमवर्गका १० जना महिलाहरुले सहभागिता जनाए भने सबै भन्दा बढी २० जना निम्नवर्गका महिलाले सहभागिता जनाएका छन् । न्यून सहभागिता जनाउने महिलाहरु निम्नवर्ग अथवा आर्थिक अवस्था कमजोर भएको परिवारबाट सहभागि भएका थिए । उनीहरुलाई पैत्रिक सम्पत्तिमा महिलाहरुले अशंहक प्रचलन

गर्ने सम्बन्धमा केही थाहा नपाएको र सो कुराको बारेमा जानकारी पाउन उत्सुक देखिन्थे । उच्चवर्ग र मध्यमवर्गले समान सहभागिता जनाएका थिए । उनीहरु निम्नवर्गका महिलाहरु भन्दा शिक्षित थिए र अंशहक प्रचलन सम्बन्धमा जानकारी थियो । सामुहिक छलफल र अन्तर्वातामा उच्चवर्ग र मध्यमवर्गका महिलाहरुले आफ्नो धारणा राखेका थिए । समग्रमा आर्थिक अवस्थाका अधारमा अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको सहभागिता सन्तोषजन रहेको पाइन्छ ।

## ४.२ पैत्रिक सम्पत्तिमा महिलाको अशंहक सम्बन्धमा (नेवार महिलाहरुको धारणा)

प्रस्तुत यस शोधपत्रमा महिलाको अंशहक प्रचलन सम्बन्धमा कीर्तिपुर नगाउँ वडा नं. १६ का नेवार महिलाहरुको धारणाको समाजशास्त्रीय अध्ययन गरिएको छ । उक्त अध्ययनलाई सफल र प्रभावकारी बनाउनका लागि विभिन्न किसिमका प्रश्नहरु निर्माण गरी नेवार महिलाहरुलाई भर्न लगाइएको थियो साथै उनीहरुलाई पैत्रिक सम्पत्तिमा अंशहक सम्बन्धी के कति जानकारी छ भन्ने कुरा पत्ता लगाउन सामुहिक रुपमा छलफल गरिएको थियो र अन्तर्वाता समेत लिइएको थियो । अन्तर्वाताका लागि आफुले तयार पारेका प्रश्नहरुमा अन्तर्वाता लिदा सहभागि नेवार महिलाहरुको धारणालाई तलको तालिकामा देखाइ व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.६**

**पैत्रिक सम्पत्तिमा महिलाको अंशहक अधिकारबारे जानकारी**

| अंशहक सम्बन्धमा | संलग्न महिला संख्या |
|---|---|
| थाहा छ | १० |
| थाहा छैन | १२ |
| राम्ररी थाहा छैन | ८ |
| केही पनि थाहा छैन | १० |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

माथिको तालिको तालिका नं. ४.६ मा सहभागि ४० जना नेवार महिलालाई पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा तपाईहरुलाई के थाहा छ भनि अन्तर्वाता लिदा

त्यसका बारेमा थाहा छैन भन्ने महिलाहरु १२ जना थिए । उनीहरुलाई छोरीले पनि पैत्रिक सम्पत्तिमा समान अधिकार पाउँछन् भन्ने बारेमा केही थाहा नभएको पाइयो, जसको कारण शिक्षाको कमि र परम्परावादी सोचाइमा आधारित जीवन रहेको पाइन्छ । थाहा छ भन्ने महिलाहरु १० जना थिए । उनीहरु शिक्षित र उच्चवर्ग भित्र पर्दथे त्यसैले उनीहरुले यसका बारेमा जानकारी भएको धारणा व्यक्त गरेका थिए । केही पनि थाहा छैन धारणा राख्ने महिलाहरु १० जना थिए । उनीहरुलाई महिलाको अंशहक प्रचलन सम्बन्धमा आज सम्म केही कुरा पनि थाहा नभएको र छोरीले अंशहक पाएमा परिवारमा सम्बन्ध बिग्रन्छ भन्ने धरणा रहेको पाइन्छ । यसरी सहभागि महिलाहरुको धारणालाई विश्लेषण गर्दा अशिक्षित र निम्न वर्गका महिलाहरुलाई भन्दा शिक्षित महिलाहरुलाई अंशहक प्रचलन सम्बन्धमा बढी जानकारी रहेको पाइन्छ ।

## ४.३ आफ्नो सम्पत्तिको उत्तराधिकारीका सम्बन्धमा

सहभागि नेवार महिलाहरुलाई आफ्नो सम्पत्ति तपाईहरु छोरा या छोरी कसलाई दिन चाहानुहुन्छ भन्ने प्रश्नको जवाफमा महिलाहरुले जनाएको प्रतिक्रियालाई तलको तालिकामा देखाइ व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.७**

**आफ्नो सम्पत्तिको उत्तराधिकारीबारे जानकारी**

| आफ्नो सम्पत्ति कसलाई दिने | सहभागि महिला संख्या |
|---|---|
| छोरालाई | २० |
| छोरीलाई | ९ |
| दुवैलाई दिने | १० |
| दुवैलाई नदिने | १ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

आफ्नो सम्पत्ति कसलाई दिन चाहानु हुन्छ भन्ने प्रश्नको जवाफमा नेवार महिलाहरुमा कसैले छोरालाई मात्र दिने, कसैले छोरीलाई मात्र दिने, कसैले दुवैलाई दिने र कसैले दुवैलाई दिनु हुदैन भन्ने धारणा व्यक्त गरेका थिए । सबै भन्दा बढी छोरालाई आफ्नो सम्पत्ति दिनु पर्छ भन्नेमा २० जना महिलाहरुले धारणा राखेका थिए भने सबै भन्दा कम दुवैलाई दिनु हुदैन भन्नेमा १ जना महिलाले आफ्नो धारणा राखेका थिए । छोरालाई मात्र दिनु पर्छ भन्ने महिलाहरुको यदि छोरीलाई अंशहक दियो भने उसलाई घरतिर र माइततिरबाट दोहोरो अंश पर्ने भएकाले छोरीलाई दिनु हुदैन भन्ने मनसाय रहेको थियो । छोरीलाई मात्र दिनु पर्छ भन्ने ९ जना महिलाहरु सहभागि थिए । उनीहरुका विचारमा छोरीलाई अंशहक दियो अथवा आफ्नो सम्पत्ति दियो भने बुढेसकालमा छोराले भन्दा छोरीले बढी माया गर्छन र हेरविचार पनि बढी गर्छन् त्यसैले उनीहरुलाई दिनु पर्छ भन्ने धारणा थियो ।

दुवैलाई दिनु पर्छ भन्ने १० जना महिलाहरुको विचारमा छोरा छोरी भनेका दुवै समान हुन उनीहरुले समान अधिकार पाउनु पर्दछ र उनीहरुमा भेदभाव गरिनु हुदैन भन्ने धारणा राख्नु भएको थियो । दुवैलाई नदिने भन्नेमा १ जना महिलाले आफ्नो विचार व्यक्त गर्नु भएको थियो । उक्त महिलाको विचारमा छोरा छोरीहरुलाई आफ्नो सम्पत्ति दियो भने उनीहरु आशे हुन्छन् र आफु केही गर्न नखोज्ने तर बाबु आमाको सम्पत्तिमा लुछाचुँडी गरी भाइ बहिनीको सम्बन्धमा नै असर पर्ने भएकाले कसैलाई पनि दिनु हुदैन भन्ने धारणा राख्नु भएको थियो ।

## ४.४ महिलाको अंशहक प्रचलनले सामाजमा पार्ने प्रभावका सम्बन्धमा

महिलालाई अंशहक दिँदा सामाजिक संरचनामा के कस्तो प्रभाव पर्दछ भन्ने प्रश्नको जवाफमा संलग्न महिलाहरुको धारणालाई तलको तालिकामा देखाइ व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.८**

**छोरीलाई अंशहकले सामाजिक संरचनामा पार्ने प्रभाव सम्बन्धी धारणा**

| **कस्तो प्रभाव पार्छ** | **सहभागि महिला संख्या** |
|---|---|
| राम्रो प्रभाव पार्छ | १० |
| नराम्रो प्रभाव पार्छ | २० |
| केही प्रभाव पर्दैन | ५ |
| राम्रो र नराम्रो दुवै प्रभाव पर्छ | ५ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

समान अधिकारले सामाजिक संरचनामा कस्तो प्रभाव पर्दछ भन्ने प्रश्नको जवाफमा समाजमा राम्रो प्रभाव पर्दछ भन्ने महिलाको संख्या १० थियो । उनीहरुले छोरा र छोरी दुवै समान हुन र उनीहरुको आमाबावुको सम्पत्तिमा समान अधिकार हुन्छ त्यसैले छोरालाई मात्र अंशहक दिई छोरा र छोरीका बिचमा विभेद गरिनु हुँदैन छोरीलाई पनि अंशहक दिनु पर्दछ र यसले समाजमा राम्रो प्रभाव पार्दछ भन्ने धारणा व्यक्त गर्नु भएको थियो । नराम्रो प्रभाव पर्दछ भन्ने महिलाहरुको संख्या २० थियो । उनीहरुले छोरीलाई अंशहक दिनु हुँदैन किन भने छोरी त अर्काको घरमा जाने जात हो उसले घरतिरबाट अंश पाउँछ, माइतबाट पनि अंशहक दिदा उसलाई दोहोरो सम्पत्ति हुन्छ त्यसैले छोरीलाई समान अधिकार दिदा समाजमा नराम्रो प्रभाव पर्दछ । छोरा छोरीहरुमा सम्पत्ति प्रतिको मोह बढ्दै जान्छ र एक आपसमा बैमनश्यता बढ्दै जान्छ साथै भाइबहिनीहरुमा समेत इर्ष्याको भावनाको विकास हुने भएकाले छोरीलाई अंश दिदा समाजमा नराम्रो प्रभाव पर्दछ भन्ने धराणा राख्नु भएको थियो । केही पनि प्रभाव पर्दैन भन्ने प्रश्नको जवाफमा ५ जना महिलाहरुले आफ्नो धारणा राखेका थिए । उनीहरुले छोरा र छोरी दुवै समान हुन उनीहरुले आमा बाबुको सम्पत्तिमा समान अधिकार पाउनु पर्दछ, उनीहरुमा भेदभाव गरिनु हुँदैन ।

समाजमा नारी र पुरुष दुवै समान हुन छोरीलाई सम्पत्तिमा समान अधिकार दिदा समाजमा केही प्रभाव पर्दैन झन समाज बलियो बन्दै जान्छ र लैङ्गिक असमानता घट्दै जान्छ भन्ने धारणा राख्नु भएको थियो । त्यसै गरी राम्रो र नराम्रो दुवै प्रभाव पर्दछ भन्ने प्रश्नको जवाफमा ५ जना महिलाले आफ्नो धारणा राख्नु भएको थियो । उनीहरुका विचारमा एकातिर छोरा र छोरी दुवै समान हुन र उनीहरुले पैत्रिक सम्पत्तिमा समान अधिकार पनि पाउनु पर्दछ र भेदभाव गरिनु हुँदैन भन्ने धारणा राख्नु भएको थियो भने अर्कातिर छोरीलाई दोहोरो अंश हुन्छ साथै भाइबहिनीमा सम्पत्तिका बारेमा लुछाचुँडी हुन्छ, एक आपसमा झगडा गर्न थाल्छन् र आपसी सम्बन्ध बिग्रन्छ । त्यसैले यसका सकारात्मक र नकारात्मक दुवै पक्षहरु छन भन्ने धारणा रहेको थियो ।

## ४.५ पैत्रिक सम्पत्ति प्रचलनमा कसको दोष रहेको भन्ने सम्बन्धमा

छोरीले अंशहक पाउने अधिकार प्रचलन गर्न कुन कुन कुराहरु बाधक बनेका छन् त भन्ने प्रश्नको जवाफमा संलग्न महिलाहरुको धारणालाई तलको तालिकामा देखाइ व्याख्या तथा विश्लेषण गरिएको छ :

**तलिका नं. ४.९**

**नेवार महिलाहरुले पैत्रिक सम्पत्ति नपाउनाको कारक तत्व कुन हो ?**

| दोषी कुन | सहभागि महिला संख्या |
|---|---|
| महिला आँफै | १० |
| समाज तथा संस्कृति | २० |
| घरपरिवार | ८ |
| कानुन | २ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

पैत्रिक सम्पत्तिमा महिलाको अंशहक प्रचलनमा कसको दोष रहेको छ त भन्ने प्रश्नको जवाफमा संलग्न महिलाहरु मध्ये १० जना महिलाहरुले महिला आँफै दोषी भन्ने धारणा व्यक्त गर्नु भएको थियो । उनीहरुको विचारमा आफ्नो लागि महिलाले आफै आवाज उठाउनु पर्दछ । पैत्रिक सम्पत्तिमा अंशहक अधिकार प्राप्त गर्नमा स्वयम् महिलाहरु नै पछि परिरहेका छन् भन्ने धारणा व्यक्त गर्नु भएको थियो । समाज तथा संस्कृति दोषी छ भन्ने प्रश्नको जवाफमा २० जना महिलाहरुले आफ्नो विचार व्यक्त गर्नु भएको थियो । उनीहरुका विचारमा परम्परा देखि चल्दै आएको सामाजिक मूल्य मान्यता र संस्कृतिले छोरा र छोरीमा विभेद गर्दै आइरहेको छ । आज पनि हाम्रो समाज परम्पराबादी विचारधारामा आधारित भएर नै अगाडी बढीरहेको छ । अशिक्षा, अज्ञानता र जनचेतनाको कमीले गर्दा पुरानै समाज संस्कृति अनुसार जीवनयापन गरिरहेकाले पैत्रिक सम्पत्तिमा महिलाको अंशहक प्रचलनमा सबभन्दा बढी दोषी समाज तथा संस्कृति नै हो भन्ने धारणा राख्नु भएको थियो ।

घरपरिवार दोषी छ भन्नेमा ८ जना महिलाहरुले आफ्नो विचार व्यक्त गर्नु भएको थियो । महिलाहरु घरपरिवारबाटै बढी पिडित भएका छन् । छोरा र छोरीको विचमा सबभन्दा पहिले घरपरिवार बाट नै विभेद गरिएको हुन्छ त्यसैले यसमा घरपरिवार नै दोषी हो भन्ने धारणा राख्नु भएको थियो । कानुनु दोषी हो भन्नेमा २ जना महिलाहरुले विचार राख्नु भएको थियो । उनीहरुका विचारमा यस विषयमा कही न कही कानुन पनि दोषी रहेको छ । उनीहरुका विचारमा  समय अनुसार कानुन पनि परिवर्तन र अझ व्यापक रुपमा आउनु पर्दछ भन्ने धारणा राख्नु भएको थियो ।

## ४.६ पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलनको तरिका सम्बन्धमा

पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन गर्ने तरिका प्रत्येक समाजमा फरक फरक किसिमको हुन्छ । कसैले छोराछोरीलाई समान व्यवहार गर्दछन् भने कसैले छोरा र छोरीमा व्यापक विभेद गर्दछन् । अंशहकको सम्बन्धमा आज सम्म अधिकाशं समाजमा अथवा परिवारमा छोरीलाई कम महत्व दिएको पाइन्छ । नेवार समुदायमा पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन गर्ने तरिका के कस्तो रहेको छ भन्ने प्रश्नको जवाफमा सहभागि महिलाहरुको तथ्यांक तलको तालिकामा प्रस्तुत गरि व्याख्या विश्लेषण गरिएको छ ।

### तालिका नं ४.१०

### पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलनको तरिका

| महिलाको हक | सहभागि महिला संख्या |
|---|---|
| दाजुभाइलाई छुट्याएर बाँकी रहको पाउनु पर्छ । | १५ |
| दाजुभाइसरह पाउँनुपर्छ । | १५ |
| पतिबाट अंशहक पाइने हुँदा आवश्यक छैन । | ८ |
| छोरीलाई अंशहक दिनु पर्दैन | २ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

माथिको तथ्यांकलाई हेर्दा पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन गर्ने तरिका आ आफ्नै किसिमको रहेको पाइन्छ । कसैले छोराछोरीलाई समान व्यवहार गर्नुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् भने कसैले पहिले दाजुभाइलाई अंश छुट्याएर बाँकी रहेको छोरीले पाउनु पर्छ भन्ने धारणा राखेका छन् । त्यसै गरी पतिबाट अंशहक पाइने हुँदा आवश्यक छैन भन्ने धारणा ८ जना महिलाहरुको थियो । उनीहरुले पतिबाट अंश पाइने र माइतबाट पनि अंश दिँदा दोहोर हुने भएकाले छोरीलाई अंश दिनु आवश्यक छैन भन्ने जवाफ दिएका छन् । २ जना महिलाले छोरीलाई अंशहक दिनु पर्दैन भन्ने विचार व्यक्त गरेका छन् । उनीहरुले छोरी अर्काको घर जाने जात हो उसलाई माइतबाट अंशहक दिनु पर्दैन भन्ने धारणा राखेको छन् । दाजुभाई सरह पाउनु पर्छ भन्नेमा १५ जना महिलाहरुले सहभागिता जनाएका छन् । उनीहरुको विचारमा छोरा र छोरी दुवै समान हुन र उनीहरुको पैत्रिक सम्पत्तिमा समान अधिकार हुनुपर्दछ भनेका थिए । त्यसैगरी दाजुभाइलाई छुट्याएर बाँकी रहेको पाउनु पर्छ भन्नेमा १५ जना महिलाले सहभागिता जनाएका थिए । उनीहरुको विचारमा दाजुभाइलाई छुट्याएर बाँकी रहेको अंशमात्र छोरीले पाउनु पर्छ भन्ने धारणा व्यक्त गरेका थिए ।

## ४.७ पैत्रिक सम्पत्तिमा अंशहक प्रचलन सम्बन्धमा सांस्कृतिक अवधारणा

प्रत्येक समाजमा आ आफ्नै किसिमको सँस्कृति रहेको हुन्छ र त्यही सँस्कृति अनुसार समाज अगाडी बढिरहेको हुन्छ । छोरा र छोरीमा गरिने विभेद पनि संस्कृतिले प्रभाव पारेको हुन्छ । समाजमा प्रचलित परम्परा, चालचलन र रितिरिवाज अनुसार पैत्रिक सम्पत्तिकको अंशहक प्रचलन हुन्छ । यहाँ नेवार समुदायका महिलाहरुले पैत्रिक सम्पत्ति प्रचलन गर्ने सम्बन्धमा साँस्कृतिक अवधारणा के रहेको छ भन्ने प्रश्नको जवाफमा सहभागि महिलाहरु र उनीहरुको धारणालाई तलको तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

**तालिका नं. ४.११**

**पैत्रिक सम्पत्तिमा अंशहक प्रचलन गर्ने साँस्कृतिक अवधारण**

| साँस्कृतिक अवधारणा | सहभागि महिला संख्या |
|---|---|
| अंशहक दिने गरिएको छैन । | १० |
| अंशहक दिने गरिएको छ । | १५ |
| छोरीलाई अंशहक दिँदा सँस्कृतिमा विचलन आउँछ । | १० |
| छोरीलाई अंशहक दिँदा छोराछोरीहरुमा झैझगडा हुन्छ । | ५ |
| जम्मा | ४० |

**श्रोत-स्थलगत सर्भेक्षण, २०७२ ।**

यहाँ पैत्रिक सम्पत्तिमा अंशहक प्रचलन गर्ने साँस्कृतिक अवधारणा के कस्तो रहेको छ भन्ने प्रश्नको जवाफमा सहभागि महिलाहरुमध्ये १० जनाले छोरीलाई पनि पैत्रिक सम्पत्ति दिने गरेको छ । छोरा र छोरी दुवै बराबर हुन र उनीहरुले पैत्रिक सम्पत्ति पनि बराबर रुपमा उपभोग गर्न पाउनु पर्दछ भन्ने धारणा व्यक्त गरेका छन् भने छोरीलाई अंशहक दिने गरिएको छैन भन्नेमा १५ जना महिलाहरुले आफ्नो धारणा व्यक्त गरेका थिए । उनीहरुले छोरी अर्काको घर जाने हो उसलाई किन दिनु पर्‍यो अर्काको घर गइसकेपछि पतिबाट अंशहक पाइन्छ नि भन्ने विचार राख्नु भएको थियो । छोरीलाई अंशहक दिदा सँस्कृतिमा विचनलन आउँछ भन्नेमा १० जना महिलाहरुले सहभागिता जनाएका थिए । उनीहरुको विचारमा छोरीलाई अंशहक दिनु

हुँदैन त्यसले त समाजमा नराम्रो प्रभाव पार्दछ । छोरालाई पो दिनु पर्छ, छोरी त अर्काको घर जाने हो, बुढेसकालमा छोराले हेर्छन् त्यसैले छोरालाई मात्र दिनु पर्छ । छोरीलाई अंश दिदा समाजमा हेला भइन्छ भन्ने रहेको थियो । छोराछोरीहरमा झैझगडा हुन्छ भन्नेमा ५ जना महिलाहरु सहभागि थिए । उनीहरुले छोराछोरीहरु सम्पत्तिको लागि एक आपसमा लुछाचुँडी गर्छन र सम्बन्ध विग्रन्छ । त्यसैले छोरीलाई पैत्रिक सम्पत्तिमा अंशहक दिनु हुँदैन भन्ने धारणा व्यक्त गरेका थिए ।

यसरी महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणालाई व्याख्या विश्लेषण गरी प्राप्त निष्कर्षलाई सकारात्मक र नकारात्मक पक्षमा निम्नानुसार देखाउन सकिन्छ :

## ४.८ अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुका सकारात्मक धारणाहरु :

जुनसुकै विषयमा पनि सकारात्मक र नकारात्मक पक्ष दुवै हुन्छन् । यहाँ प्रस्तुत शोधपत्रमा पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुको धारणाको समाजशास्त्रीय अध्ययन गरिएको छ । उक्त अध्ययनमा सहभागि महिलाहरुको अंशहक प्रचलन सम्बन्धी धारणालाई व्याख्या गर्दा प्राप्त सकारात्मक पक्षहरु यस प्रकार हरेका छन् :

### (क) छोराछोरीहरु बिचको व्यवहारमा सौहार्दता हुन्छ :

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा ४० जना नेवार महिलाहरु मध्ये ३० जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा छोराछोरीहरु बिचको व्यवहारमा सौहार्दता हुन्छ भन्ने सकारात्मक धारणा राखेको पाइन्छ । उनीहरुका विचारमा पितृसत्तात्मक समाजमा छोरालाई बढी माया गर्ने, अंशहक छोरालाई मात्र दिने तर छोरीलाई भने यस सुविधाबाट बञ्चित गरेको पाइन्छ । अंशहक खाने छोरालाई सबै कुराबाट सम्पन्न बनाउने र बुढेसकालको सहाराको नाममा छोरालाई नै अंशहको भागिदार नबनाएर छोरीलाई पनि अंश दिएपछि समाज, परिवार र आमाबुबाले समेत छोराछोरीहरु बिच भेदभाव गर्ने छैनन् । अंशहक पाएकी छोरीको पनि बाबुआमाप्रतिको दायित्व हुन्छ । छोरीलाई अंशहक दिएमा छोरा पाउन पर्खेर छोरीको संख्या नबढाई छोरीलाई पनि छोरासरह नै अवसर दिनुपर्छ भन्ने नेवार महिलाहरुको धारणा रहेको छ ।

**(ख) महिलाहरु परजीवी भई बााच्नु पर्दैन :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा ४० जना नेवार महिलाहरु मध्ये २० जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा महिलाहरु परजीवी हुन भन्ने समाजको सोचाइबाट महिलाहरु मुक्त हुनेछन् भन्ने सकारात्मक धारणा व्यक्त गरेका छन् । उनीहरुका विचारमा एउटा सानो निणर्य गर्न र थोरै पैसा उपयोग गर्न पनि बाबुआमा वा श्रीमानको मन्जुरी लिनु पर्दैन् । आफ्नो इच्छा अनुसार काम गर्न सक्छन् । आफ्नो र आफ्ना सन्तानको विषयमा स्वविवेकले खर्च गर्न सक्छन् । कुनै पनि काममा लगानी गर्न अथवा आफ्नो दैनिक जीवनका कुनै पनि कार्यमा अर्काको सहयोग लिइरहनु पर्दैन् । त्यसकारण महिलाहरुलाई अंशहक प्रदान गर्दा महिलाहरु स्वतन्त्र रुपमा आफुखुशी बाँच्न सक्छन् भन्ने विचार व्यक्त गर्नु भएको थियो ।

**(ग) महिला हिंसामा कमी आउाछ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा ४० जना नेवार महिलाहरु मध्ये २५ जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा महिलाहरुप्रति गरिने हिंसामा कमि आउँछ भन्ने सकारात्मक धारणा व्यक्त गरेका छन् । नेपाली समाजमा छोरीलाई अंशहक दिनु हुँदैन भन्ने सँस्कृति अझैसम्म पनि व्याप्त नै रहेको छ । छोरालाई अंशहक प्रदान गरी पालनपोषणको जिम्मा छोरालाई दिएको हुन्छ जसका कारणले पुरुषले महिलाहरु माथि हैकम जमाउछन् । जसका हातमा हतियार छ उसले नै आफ्नो स्वार्थ र इच्छा अनुसारको टुक्रा बनाउँछ भने झैं अंशहकले महिला हिंसाको जन्म गराउँछ । महिला हिंसाको प्रमुख कारण सम्पत्ति प्रतिको हैकम पनि एक हो । त्यसैले समाजमा यस्ता व्याप्त घटनाहरुलाई कम गर्न र छोराछोरीमा समान सहभगिता बनाउन अंशहक आवश्यक छ । सम्पत्तिले मानिसलाई शिक्षा आर्जन गर्न सहयोग गर्दछ र शिक्षित व्यक्तिले आफुमाथि भएको दुर्व्यवहार प्रति लड्न सक्छ । हिंसाको प्रतिकार गर्न सक्छ । त्यसकारण अंशहकमा महिलाहरुको समान सहभागिता हुनु आवश्यक छ भन्ने उनीहरुको विचार रहेको छ ।

**(घ) राज्यका सबै संरचनाहरुमा महिलाको समान सहभागिता हुन्छ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये २० जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा राज्यका सबै अंगहरुमा महिलाहरुको सहभागिता बढ्छ र अंशहकले महिलाहरुलाई स्वनिर्भर बनाउँनुका साथै आफनो

निर्णय आफैँ गर्न सक्छन् भन्ने धारणा राख्नु भएको थियो । शिक्षाको विकासले महिलाहरुमा आत्मशक्ति बढ्नुका साथै प्रत्येक क्षेत्रमा महिलाहरुको संलग्नतामा बृद्धि हुन्छ । राज्यका हरेक अंगमा महिलाहरुको समान सहभागिता हुनपर्दछ । यदि महिला शिक्षित छ भने उसले आफुमात्र नभइ परिवार देखि लिएर राज्यका प्रत्येक निकायमा सकारात्मक प्रभाव पार्दछ । पैत्रिक सम्पत्तिको अंशहक महिलाहरुलाई पनि समान हुनु आजको आवश्यकता हो जसले महिलाहरुलाई परनिर्भर हुनबाट जोगाउँछ भन्ने धारणा रहेको पाइन्छ ।

### ४.९ अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुका नकारात्मक धारणाहरु

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा नेवार महिलाहरुको केही मात्रामा नकारात्मक धारणा पनि रहेको पाइन्छ जसलाई निम्नानुसार देखाउन सकिन्छ :

**(क) पारिवारिक कलहमा बृद्धि हुन्छ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये २० जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा पारिवारिक सम्बन्ध बिग्रन्छ । हाम्रो समाजमा आज पनि अंशको हकदारका रुपमा छोरालाई नै मानिन्छ । छोरील त अर्काको घर जाने हो उसलाई किन अंशहक दिनुपर्‍यो, छोरा त सधै आफैँसँग रहने हो, बुढेसकालको साहारा छोरा नै हो त्यसैले अंशहक छोरालाई मात्र दिनु पर्दछ भन्ने भावना व्यक्त गरेको पाइन्छ । छोरीलाई अंश दिदा पारिवारिक कलह उत्पन्न हुन्छ र यसले समाजमा नकारात्मक प्रभाव पर्दछ त्यसकारण छोरीलाई अंशहक दिनुहुँदैन भन्ने मानसिकता रहेको पाइन्छ । श्रीमान र श्रीमती दुवैले अंश पाउने भएकाले तँ भन्दा म के कम भनी आपसमा झगडा उत्पन्न हुन्छ । त्यसै गरी देउरानी जेठानीहरुमा पनि अंशका बारेमा अहम् उत्पन्न हुन्छ । सबैका हातमा सम्पत्ति भएपछि एकले अर्कालाई नटेर्ने, हेप्ने र सहयोगको भावना नहुने भएकाले छोरीलाई अंशहक दिनु हुँदैन भन्ने नेवार महिलाहरुको नकारात्मक धारणा रहेको पाइन्छ ।

**(ख) महिला माथि शोषणको प्रवृत्तिमा बृद्धि हुन्छ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये १५ जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा अंशहकले महिलालाई दुख पनि दिन्छ भन्ने नकारात्मक धारणा पनि रहेको पाइन्छ । पैसा भनेपछि महादेवको तीन नेत्र भने झैँ

पैसाले मानिसमा अपराध जन्माउँछ । सम्पत्ति पाउने भए पछि थोरै सम्पत्ति ल्याउने महिलाहरु माथि शोषण गरिन्छ । सम्पत्तिको लोभमा महिलाहरु माथि शारिरिक, मानसिक यातना दिने गरिन्छ । सम्पत्ति कै लागि महिलाहरुलाई विभिन्न प्रलोभनमा पारी दुः ख दिने गरिन्छ । त्यसकारण महिलाहरु माथि शोषण पनि हुने भएकाले अंशहक दिनु आवश्यक छैन भन्ने नकारात्मक धारणा सहभागि नेवार महिलाहरुमा रहेको पाइन्छ ।

**(ग) बहुविवाह बढ्न सक्ने सम्भावना हुन्छ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये १५ जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा त्यसको लोभमा पुरुषहरुले बहुविवाह गर्ने गर्दछन् , बहुविवाहले महिलाहरु माथि अन्याय, अत्याचर गर्दछ भन्ने गलत धारणा व्यक्त गरेका थिए । हाम्रो समाजमा बहुविवाहले व्यापक रुपमा जरा गाडेको पाइन्छ तर वर्तमान समयमा बहुविवाह सम्बन्धी कानूनी व्यवस्थाले केही सहज भएको पाइन्छ । बहुविवाह सम्बन्धी साधारण दण्डको व्यवस्थाले गर्दा सम्पत्तिको लोभमा त्यस्ता सानातिना सजायहरु भोग्न मानिसहरु तयार हुन्छन् । त्यसकारण महिलाहरुलाई अंशहक दिनु हुँदैन यसले समाजमा विचलन ल्याउँछ भन्ने नकारात्मक धारणा व्यक्त गर्नु भएको थियो ।

**(घ) विवाहको समस्या आउछ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये २५ जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा छोरीले अंशहक पाउने भएपछि धनी बाबुकी छोरीहरुको मात्र विवाह हुने र गरीबका छोरीहरुको विवाह गर्न गाह्रो हुन्छ भन्ने विचार व्यक्त गरेको पाइन्छ । हाम्रो जस्तो गरीब देशमा सम्पत्तिको लोभमा गरीबका छोरीहरुको योग्यता, रुपरंग, शिलस्वभाको कदर नभई मानिसहरु सम्पत्तिको पछि लागेर धनीका छोरी जस्तो सुकै भए पनि विवाह गर्न तयार हुन्छन् तर गरीबका छोरीहरु जतिसुकै राम्रा भएपनि विवाह गर्न गाह्रो हुन्छ । यसरी गरीब महिलाहरुको लागि यो अंशहक सम्बन्धी कुरा समस्याको विषय बन्न जान्छ त्यसकारण महिलाहरुलाई अंशहक आवश्यक छैन भन्ने धारणा रहेको पाइन्छ

**(ङ) मानिसहरुमा अल्छी गर्ने बानिको विकास हुन्छ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये १५ जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दा छोराछोरीलाई अंशहक दिदा उनीहरु सम्पत्तिप्रति आशे हुन्छन् , केही गरेर खानुपर्छ भन्दा पनि बाबुआमाको सम्पत्तिको आसमा बसिबसि खाने बानीको विकास हुन्छ र छोराछोरीहरु अल्छी हुन्छन् भन्ने नकारात्मक धारणा रहेको पाइन्छ ।  आफु केही गर्दैनन् र बाबुआमाको भरमा बाँचेका हुन्छन् । त्यसकारण छोरीहरुलाई स्वावलम्बी हुनका लागि अंशहक आवश्यक छैन् भन्ने विचार नेवार महिलाहरुले व्यक्त गरेको पाइन्छ ।

**(च) भ्रूण हत्यामा बृद्धि हुन्छ :**

महिलाहरुको अंशहक प्रचलनका सम्बन्धमा सहभागि ४० जना नेवार उत्तरदाता महिलाहरु मध्ये २५ जना महिलाहरुले महिलालाई अंशहक प्रदान गर्दाछोरी जन्मदा उसलाई पनि अंशहक दिनुपर्छ भन्ने नकारात्मक भावनाले वर्तमान समयमा भ्रूण हत्यामा बृद्धि भएको पाइन्छ । गर्भमा नै लिंग परीक्षण गरि गर्भबाट नै छोरा र छोरीमा भेदभाव गरेको पाइन्छ । छोराले मात्र अंशहक पाउनु पर्दछ भन्ने पितृसत्तात्मक समाजमा महिलाको पेटमा छोरा वा छोरी के छ पत्ता लगाई छोरा भए राख्ने र छोरी भए गर्भपतन गराउने प्रचलन कायम नै रहेको छ । त्यसकारण यस समस्यालाई अझ बढवा दिन महिलालाई अंशहक दिनुहुँदैन भन्ने नकारात्मक धारणा नेवार महिलाहरुको रहेको पाइन्छ ।

## अध्याय पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत अध्ययन महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा कीर्तिपुर नगाउँ १६ का नेवार महिलाहरुको धारणामा केन्द्रित रहेको छ । यस अध्ययनमा जम्मा पाँच वटा अध्यायहरु समावेश गरिएका छन् । काठमाडौं जिल्ला की.न.पा. वडा नं १६ नगाउँका १८ देखि ६० वर्ष उमेर समूहका विवाहित, अविवाहित र एकल महिला गरी जम्मा ४० जना नेवार महिलाहरुलाई सहभागि गराइएको छ । पैत्रिक सम्पत्तिमा महिलाहरुका लागि कानुनी व्यवस्था कस्तो छ ? कानुनी हक अधिकार प्रति नेवार महिलाहरु सचेत वा जागरुक छन् कि छैनन् ? नेवार महिलाहरुको सम्पत्ति प्रचलन गर्ने बारे सांस्कृतिक अवधारणा के छ ? नेवार महिलाहरुको पैत्रिक सम्पत्तिका बारेमा के  कस्तो धारणा रहेको छ ? भन्ने समस्यामा यो अध्ययन अगाडी बढाइएको छ ।

यस अध्ययनमा पैत्रिक सम्पत्तिमा महिलाहरुका लागि कानुनी व्यवस्थाका बारेमा अध्ययन गर्नु । कानुनी अंशहक अधिकार प्रति नेवार महिलाहरुको स्थिति पहिचान गर्नु, नेवार महिलाहरुको सम्पत्ति प्रचलन गर्ने संस्कृतिको विश्लेषण गर्नु, नेवार महिलाहरुको पैत्रिक सम्पत्ति बारे धारणाको विश्लेषण गर्नु जस्ता उद्देश्यहरु निर्धारण गरिएका छन् । यस अध्ययनलाई काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँका नेवार महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा उनीहरुको धारणाको समाजशास्त्रीय अध्ययन गर्नु ,ज्यापु समुदायका नेवारहरुमध्ये महर्जन जातिका जम्मा ४० जना महिलाहरुको पैत्रिक सम्पत्तिमा अंशहक प्रचलन गर्ने कानुनी व्यवस्था बारेको धारणाको विश्लेषण गर्नु, महर्जन जातिका १८ देखि ७० वर्ष उमेर समुहका महिलाहरुको अंशहक प्रचलन बारे धारणाको विश्लेषण गर्नु र कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँका विवाहित, अविवाहित र एकल महिलाहरुको अंशहक प्रचलन गर्ने धारणाको विश्लेषण गर्नुमा सिमित गरिएको छ ।

अध्ययनको क्रममा तथ्यांक संकलनको लागि क्षेत्रिय अध्ययन विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमा गई नेवार महिलाहरुको पैत्रिक सम्पत्ति प्रचलन गर्ने सम्बन्धमा के कस्तो धारणा रहेको छ भन्ने प्रश्नको जिज्ञासामा महिलाहरुको अन्तर्वाता लिइएको थियो र बहुवैकल्पीक प्रश्नहरु भर्न लगाइएको थियो । प्राप्त तथ्यांकको आधारमा महिलाहरुको धारणलाई व्याख्या विश्लेषण गर्दा प्राप्त निष्कर्षलाई निम्न अनुसार देखाउन सकिन्छ :

महिलाको अंशहक प्रचलन सम्बन्धमा व्यापक विभेद गरेको र छोरीलाई अंशहक दिदा सँस्कृतिमा विचलन आउँछ भन्ने मानसिकता रहेका पाइन्छ । छोरीलाई उसको घरबाट अथवा पतिबाट पनि अंश पाइने हुँदा माइतिबाट अंशहक दिनु हुँदैन, पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलनका बारेमा धेरैजसो महिलाहरुलाई थाहा नभएको पाइन्छ । अंशहक प्रचलनमा महिलाहरु स्वयम् नै दोषी रहेको भन्ने कुरा धेरै जसो महिलाको धारणा रहेका छ ।

शिक्षित महिला भन्दा अशिक्षित महिलाहरुलाई अंशहक सम्बन्धी थाहा नभएको र छोरीलाई अंशहक दिदा पारिवारिक कलहमा वृद्धि हुन्छ भन्ने मानसिकता रहेको पाइन्छ । छोरीलाई अंशहक दिदा भाइबहिनीको सम्बन्धमा नै असर पर्ने र पैत्रिक सम्पत्तिमा लुछाचुँडी गर्ने गर्दछन् । छोरीलाई अंशहक दिदा साँस्कृतिमा नै विचलन आउँछ भन्ने महिलाहरुको धारणा रहेका पाइन्छ । अंशहक दिदा धनीका छोरीको मात्र विवाह हुन्छ, गरिबका छोरीको विवाह नै गर्न मुस्किल पर्दछ भन्ने धारणा रहेको पाइयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा कीर्तिपुर नगरपालिका वडा नं. १६ नगाउँका नेवार महिलाहरुको धारणाको एक सामजशास्त्रीय अध्ययनमा केन्द्रित रहेर तयार पारिएको छ । यस शोधपत्रमा नेवार महिलाहरुको उमेर, शैक्षिक अवस्था, सामाजिक अवस्था पेसागत अवस्था, आर्थिक अवस्था, साँस्कृतिक प्रचलन, आदि विभिन्न आधारमा अंशहक प्रचलन सम्बन्धमा महिलाहरुको धारणा कस्तो रहेको छ भन्ने कुराको अध्ययन गरिएको छ । हाम्रो नेपाली समाज पितृसत्तात्मक सोचबाट अझै पनि मुक्त हुन सकिरहेको छैन । छोरा र छोरी बिच कुनै पनि किसिमको भेदभाव गरिनु हुँदैन । यदि छोरा सरह छोरीलाई पनि शिक्षाको साथै पैतृक सम्पत्तिमा पनि समानता दिएर व्यावहारमा ल्याउने हो भने हाम्रो समाज सुसंस्कृत र सभ्य बन्दछ । विश्वको मान्यतालाई समेत मध्यनजर गर्नुपर्दछ । नेपालको अन्तरिम

संविधान २०६३ पछि छोरीलाई पनि अंशियारको रूपमा कानुनतः परिभाषित गरिएको छ । यसले छोरीलाई अंश दिनु हुन्न, छोरी भनेको अर्काको घर जाने जात हो भन्ने धारणालाई कानुनले नै अन्त्य गरिदिएको छ । नेपालमा महिला र पुरुष दुवैलाई कानूनले पैतृक सम्पत्तिको हकमा समानता दिए पनि कसैले कार्यन्वयनको कठीनाईहरु औल्याएका छन् साथै पारिवारिक तथा सामाजिक सम्बन्धमा विखण्डन,वाधा वा विचलनआउन सक्ने ठानी पैतृक सम्पत्ति हक अधिकार प्रति नकरात्मक देखिएका छन् । महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा नेवार महिलाहरुले देखाएको प्रतिक्रियालाई व्याख्या तथा विश्लेषण गरी प्राप्त निष्कर्षलाई निम्नानुसार देखाउन सकिन्छ :

उमेरगत आधारमा महिलाहरुको अंशहक प्रचलन सम्बन्धमा १८-३० वर्ष उमेर समुहका महिलाहरुले अंशहक प्रचलनमा सकारात्मक धारणा रहेको पाइन्छ । उनीहरुले छोरीले पनि छोरासरह अंशहक पाउनु पर्दछ भन्ने धारणा व्यक्त गरेका थिए । अंशहक प्रचलनमा ६० वर्ष भन्दा माथिको उमेर समुहका महिलाहरुको नकारात्मक धारणा रहेको पाइन्छ । उनीहरुले छोरीलाई अंशहक दिदा समाजमा विचलन आउँछ र भाइबहिनीहरुको सम्बन्ध नै बिग्रन्छ भन्ने विचार व्यक्त गरेका थिए ।

विवाहित र एकल महिला भन्दा अविवाहित महिलाहरुले अंशहक प्रचलनका बारेमा खुलेर प्रतिक्रिया जनाएका छन् । उनीहरुले महिला र पुरुष दुवै समान हुन त्यसकारण समान अधिकार पनि पाउनु पर्दछ भन्ने विचार व्यक्त गरेका थिए । उच्चवर्ग र मध्यमवर्गका महिलाहरुको अंशहक प्रति सकारात्मक धारणा रहेतापनि निम्नवर्गका महिलाहरुले अंशहकका बारेमा आफुलाई केही पनि थाहा नभएको कुरा व्यक्त गरेका थिए । उनीहरुले छोरीलाई अंशहक दिने प्रचलन नकारात्मक हो यसले समाजमा विचलन ल्याउँछ भन्ने धारणा व्यक्त गरेको थियो ।

अंशहक प्रचलन सम्बन्धमा आफुलाई केही पनि थाहा छैन भन्ने महिलाहरुको सहभागिता उच्च रहेको पाइन्छ । थाहा छैन भन्ने महिलाहरुको सहभागिता पनि उच्च नै रहेको पाइन्छ । आफ्नो सम्पत्ति छोरालाई मात्र दिनुपर्छ भन्ने महिलाहरुको सहभागिता उच्च थियो । छोरा र छोरी दुवैलाई समान अंशहक दिनु पर्दछ भन्ने महिलाहरुको सहभागिता पनि बढी नै

रहेको छ । छोराछोरी दुवै कसैलाई पनि दिनु हुँदैन भन्ने महिलाहरुको सहभागिता न्यून रहेको छ ।

छोरीलाई अंशहकले सामाजिक संरचनामा नराम्रो प्रभाव पर्छ भन्ने महिलाहरुको सहभागिता ज्यादै बढी रहेको पाइन्छ । उनीहरुले यसले त समाजमा विचलन ल्याउँछ, सँस्कृति नै बिग्रन्छ भन्ने धारणा व्यक्त गरेको पाइन्छ । पैत्रिक सम्पत्तिमा महिलाको अंशहक प्रचलनमा समाज र संस्कृति बढी दोषी रहेको छ भन्ने महिलाहरुको सहभागिता उच्च रहेको थियो । केही महिलाहरुले महिला स्वयम् आफैं दोषी रहेको छ भन्ने धारणा पनि व्यक्त गरेको पाइन्छ ।

पैत्रिक सम्पत्तिमा महिलाहरुको अंशहक प्रचलन गर्ने तरिकाका बारेमा दाजुभाइ सरह पाउनु पर्छ र दाजुभाइलाई छुट्यार बाँकी रहेको छोरीले पाउनु पर्छ भन्नेमा महिलाहरुको समान सहभागिता रहेको थियो । पतिबाट अंशहक पाइने हुँदा छोरीलाई दिनु हुदैन भन्ने सहभागि महिलाहरु पनि बढी नै थिए । पैत्रिक सम्पत्तिमा अंशहक प्रचलन गर्ने साँस्कृतिक अवधारणाका बारेमा छोरीलाई अंशहक दिने गरिएको छ भन्ने सहभागि बढी थिए । शिक्षित महिलाहरुको अंशहक प्रचलन सम्बन्धी सकारात्मक धारणा रहेको पाइन्छ । शिक्षाको विकाससँगै नेवार महिलाहरुमा पनि व्यापक परिवर्तन भएको पाइन्छ । वर्तमान समयमा शिक्षित नेवार महिलाहरुले खुलेर आफ्नो अंशहकका बारेमा विचार व्यक्त गरेका थिए ।

# सन्दर्भ सूची


आर्चाय, बलराम (२०६५), **सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय बिश्लेषण** ।

आचार्य, बलराम, (२०५८), **लैङ्गिक अध्ययन,** काठमाडौ, नेशनल पुस्तक भण्डार ।

आचार्य, मिना, (२०५५), **पैत्रिक सम्पत्तिमा महिलाको समान अधिकार,** समाजशास्त्र विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

आचार्य, रामकुमार, (२०५६), **ऐन नियम दिग्दर्शन**, तेस्रो संस्करण, काठमाडौं : पैरवी प्रकाशन ।

गुरुङ्ग, छत्रकुमारी, (२०६३), **संविधान सभा र राज्य संरचनामा समान महिला सहभागिता,** कार्यपत्र, महिला कानुन व्यवसायिहरुको पन्ध्रौं राष्ट्रिय गोष्ठी ।

गौतम, चमनलाल, (१९९७), **मनुस्मृति**, बरेली : भारत संस्कृति संस्थान ।

**नेपालको अन्तरिम संविधान,** (२०६३), काठमाडौं ।

प्रपन्नाचार्य, स्वामी, (२०५०), **वेदमा के छ ?,** काठमाडौं : साझा प्रकाशन ।

पाठक, नरेन्द्र (२०६५), **न्याय विकासिनीमा पैत्रिक सम्पत्ति हक : एक विवेचना,** *काठमाडौं : कानुन द्वैमासिक पृ. १७ अंक ७३ ।*

पाण्डेय, चन्द्रकान्त (२०५५), **मानवशास्त्र तथा समाजशास्त्रका सिद्धान्तहरु,** काठमाडौं : विद्ययार्थी पुस्तक भण्डार ।

पौडेल, तुलसीराम (२०५८), **लैङ्गिक अध्ययनको रुपरेखा,** काठमाडौं ।

वानियाँ निशा (२०६६) । **छोरीलाई अंशहक प्रचलन गर्ने सम्बन्धमा ललितपुर जिल्ला खोकनाका नेवार महिलाहरुको धारणा ।**

बराल, बासु (२०४४), **हिन्दू सामाजिक संगठनको प्रारुप,** काठमाडौं : साझा प्रकाशन ।

भण्डारी, लेखनाथ (२०५६), **पैतृक सम्पत्तिमा समान अधिकार कहाँदेखि कहाँसम्म** ? । छापामा महिला । वन्त प्रत्यूस, गौतम शोभा, बास्कोटा अमृता सं, पृ. २४१ । डेनिस अन्तराष्ट्रिय विकासको सहयोगमा नेपाल प्रेस इन्स्टिच्यूट त्रिपुरेश्वर, काठमाडौ ।

मिश्र, चैतन्य (२०६७), **अंशमा समान हक र सामाजिक उटलपूटल** । बदलिँदो नेपाली समाज । राजेन्द्र मर्हजन सं, पृ. ५१-५६। फाईनप्रिन्ट आइएनसी, ललितपुर ।

**महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि,** (१९७९) लागू मिति ३ सेक्टेम्वर सन् १९८१ ।

महिला कानून तथा विकास मञ्च, (२०५८), **महिलाको समान अधिकार सम्बन्धी संशोधित संगालो,** काठमाडौँ, प्रकाशन नं. ११६ ।

मल्ल, सपना, राजमान सिंह र कल्पना प्रधान, (१९९६), **सम्पत्ति सम्बन्धी कानूनको तुलनात्मक अध्ययन प्रतिवेदन,** काठमाडौँ : महिला कानुन ताथ विकास मञ्च ।

**मुलुकी ऐन**, (२०२०), एघारौँ संशोधन सहित, काठमाडौँ ।

**संविधान सभा मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त समितिको प्रतिवेदन,** (२०६६), काठमाडौँ ।

संग्रौला, पाठक, सन् (२००२), **जेण्डर उण्ड लज,** काठमाडौँ : पैरवी प्रकाशन ।

श्रेष्ठ, शङ्करमान (२०५७), **छोरीलाई अंश : प्रसंग सुरक्षाको,** काठमाडौ : सचिव मानवअधिकार आयोग, न्यायदुत ।

सिंह, टोपबहादुर, (२०५८), **कानुनी शब्दकोश,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, ज्ञानेन्द्रबहादुर, (२०६१), **ऐन संग्रह, एक टिप्पणी भाग १,** काठमाडौँ : पैरवी प्रकाशन ।

श्रेष्ठ, ज्ञानेन्द्रबहादुर, (२०६५), **मुलुकी ऐन एक टिप्पणी,** काठमाडौँ : पैरवी प्रकाशन ।

## परिशिष्ट

## प्रश्नावली सूची

प्रश्न नं. १ तपाईको आफ्नो सम्पत्ति छोरा वा छोरी कसलाई दिन चाहानु हुन्छ ?

(क) छोरालाई दिने

(ख) छोरीलाई दिने

(ग) दुवैलाई दिने

(घ) दुवैलाई नदिने

प्रश्न नं. २ महिलालाई अंशहक अधिकार दिएकाले समाजमा के कस्तो प्रभाव परेको छ ?

(क) राम्रो प्रभाव पर्दछ ।

(ख) नराम्रो प्रभाव पर्दछ ।

(ग) राम्रो र नराम्रो दुवै प्रभाव पर्दछ ।

(घ) केही प्रभाव पर्दैन ।

प्रश्न नं. ३ पैत्रिक सम्पत्तिमा महिलाको अधिकारबारे थाहा छ ?

(क) थाहा छैन

(ख) थाहा छ

(ग) राम्ररी थाहा छैन्

(घ) केही पनि थाहा छैन्

प्रश्न नं. ४ नेपालमा महिलालको अंशहक प्रचलन गर्ने कानुनी व्यवस्था सम्बन्धी थाहा छ ?

(क) थाहा छ

(ख) थाहा छैन

(ग) राम्ररी थाहा छैन्

(घ) केही पनि थाहा छैन्

प्रश्न नं. ५ छोरीलाई अंशहक अथवा शिक्षामध्ये के को आवश्यकता छ ?

(क) शिक्षाको आवश्यकता पर्दछ ।

(ख) अंशहकको आवश्यकता पर्दछ ।

(ग) दुवैको आवश्यकता पर्दछ ।

(घ) कुनैको पनि आवश्यकता पर्दैन ।

प्रश्न नं. ६ पैत्रिक सम्पत्तिमा महिलाहरुको हक अधिकार कस्तो हुनुपर्दछ ?

(क) दाजुभाइ सरह पाउनु पर्दछ ।

(ख) दाजुभाइलाई छुट्याएर बाँकी रहेको पाउनु पर्दछ ?

(ग) विवाह गरे पश्चात पतिबाट अंश पाइने हुँदा आवश्यक छैन ।

(घ) छोरीलाई अंश दिनु हुदैन ।

प्रश्न नं. ७ छोरीलाई पैत्रिक सम्पत्तिमा अंशहक दिने प्रचलनमा साँस्कृतिक अवधारणा के छ

(क) अंशहक दिने गरिएको छैन ।

(ख) अंशहक दिने गरिएको छ ।

(ग) छोरीलाई अंशहक दिदा छोराछोरीमा भेदभाव हट्छ ।

(घ) अर्काको घर जानेलाई अंशहक दिदा साँस्कृतिमा विचलन आउँछ ।

प्रश्न नं. ८ अंशहकले महिलाहरुमा कस्तो प्रभाव पारेको छ ?

(क) सम्पत्तिको कारणले महत्व बढ्छ ।

(ख) आफुखुशी प्रयोग गर्न नपाउने भएकाले स्वतन्त्रता छैन ।

(ग) समान अधिकार र कर्तव्य हुने भएकाले समानता हुन्छ ।

(घ) हेपाहा, हेला, होच्याई गर्ने प्रवृत्तिका साथै घरेलु हिंसा घट्छ ।

प्रश्न नं. ९ नेपालमा महिलाले अंशहक प्रचलन गर्ने सम्बन्धमा कसलाई दोषी देख्नुहुन्छ ?

(क) महिला आफैँ

(ख) समाज तथा संस्कृति

(ग) घरपरिवार

(घ) कानून

## चेकलिष्ट

यस अध्ययनलाई तथ्यपरक बनाउनको लागि नमुना छनोटमा परेका ४० जना नेवार महिलाहरुसंग अन्तरवार्ता गलिइएको थियो, जसको चेकलिष्ट यस प्रकार छ ।

१ तपाईले आमा बुवासंग दाजुभाइ सरह आफूलाई पनि पैतृक सम्पत्ति चाहिन्छ भनि कहिल्यै कुरा राख्नु भएको छ ?

२ यदि राख्नु भएको भए उहाँहरुबाट कस्तो प्रतिक्रिया आयो त ?

३ नेपालको अन्तरिम संविधानले २०६३, ले छोरीलाई पनि छोरा सरह पैतृक सम्पत्तिमा समान हकको व्यावस्था गरेको छ, तपाईलाई थाहा छ कि छैन ?

४ तपाईको परिवारमा, बुवा आमाले नै छोरीलाई पनि पैतृक सम्पत्ति दिने कुरा गर्नु भएको छ कि छैन ?

५ यदि दिने कुरा भएको छ भने तपाई आफू चाँहि पैतृक सम्पत्ति लिने कि, नलिने ?

६ यदि तपाईले आमा बुवासंग पैतृक सम्पत्ति माग्नु भयो भने तपाईको परिवार र समाजले तपाईलाई कसरी हेर्छ भन्ने बारे सोच्नु भएको छ ?

७ छोरा सरह छोरीलाई पनि पैतृक सम्पत्ति दिने कानून प्रति तपाईको धारणा कस्तो छ

८ छोरा सरह पैतृक सम्पत्ति लिदैमा महिलाहरु संक्षम हुन्छन् कि हुदैनन् ?

९ तपाईको परिवारमा छोरीलाई पैतृक सम्पत्ति दिएको छ कि छैन ?

१० दिएको छ भने छोरीहरुले लिनु भएको छ कि छैन ?

११ यदि तपाई आफू पैतृक सम्पत्ति लिने भए परिवारको समझदारीमा लिने कि, कानूनी प्रक्रिया द्वारा लिने ?

१२ कानूनी प्रक्रियाबाट लिने हो भने, पैतृक सम्पत्ति मागको लागि कानूनी प्रक्रिया कसरी अगाडी बढाउने थाहा छ कि छैन ?

१३ महिलालाई अंशहक अधिकार दिने सम्बन्धी तपाइहरुको सँस्कृति कस्तो छ ?

१४ महिलालाई अंशहक दिदा समाजमा कस्तो असर पर्दछ ?